समृद्धिका लागि समुदाय संग संगै

# किसान बहुउद्देश्यीय सहकारी संस्था लि.

## KISAN BAHUUDESHIYA SAHAKARI SANSTHA LTD.

केन्द्रिय, कार्यालय
लम्कीचुहा न.पा.-१, लम्की, कैलाली

visit Nepal 2020 Lifetime Experiences

2052-2077 25th Anniversary SILVER JUBILEE YEAR

# २५ औं वार्षिक साधारण सभा

## वार्षिक प्रतिवेदन २०७५/०७६

## ANNUAL REPORT 2018/019

## सल्लाहकार समिति



श्री खडानन्द सापकोटा
संयोजक



श्री लक्ष्मी प्रसाद देवकोटा
सदस्य



श्री धिरज बहादुर शाही
सदस्य

## सञ्चालक समिति



श्री सुरेन्द्र कुमार शाह
(अध्यक्ष)



श्री उदयराम खनाल
(उपाध्यक्ष)



श्री मयाराम धमला
(सदस्य)



श्री विष्णुभक्त शर्मा ढकाल
(सदस्य)



श्री जयरुप बुढा
(सदस्य)



श्री लोकराज तिमिल्सेना
(सदस्य)



श्री शुभनाथ देवकोटा
(सदस्य)



श्री पतिराम चौधरी
(सदस्य)



श्री उर्मिला बस्नेत (ओली)
(सदस्य)



श्री शिव बहादुर स्वार
(सदस्य)



श्री उदयराम बटाला
(सदस्य)



श्री डम्बर बहादुर शाह
सदस्य सचिव
तथा
(महा-प्रबन्धक)

## लेखा समिति



श्री फणेन्द्रराज कार्की
(संयोजक)



श्री चेतराम देवकोटा
(सदस्य)



श्री मोती प्रसाद उपाध्याय
(सदस्य)

# किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

लम्कीचुहा न.पा.-१, लम्की, कैलाली

को

## २५ औं वार्षिक साधारण सभाको अत्यन्त जरुरी सूचना

आदरणीय शेयरधनी महानुभावहरू,

यस संस्थाको २५ औं वार्षिक साधारण सभा २०७६ साल फाल्गुन १० गते शनिबार विहान १०:०० बजे लम्की चुहा न.पा. वडा नं. १ लम्की स्थित कालिका माध्यमिक विद्यालय, भुरूवा लम्की कैलालीमा बस्ने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरूलाई निमन्त्रणा स्वरूप यो पुस्तिका पठाइएको छ । उक्त साधारणसभामा उपस्थित हुँदा यो पुस्तिका साथमा लिएर आउन समेत अनुरोध गरिन्छ ।

तपसिल

१. गत साधारण सभाका निर्णयहरू पढेर सुनाउने ।
२. आ.व. २०७५/०७६ को आय-व्यय, नाफा-नोक्सान तथा वासलात स्वीकृतार्थ पेश गर्ने ।
३. लेखा परीक्षकको प्रतिवेदन तथा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन ।
४. महा-प्रबन्धकज्यूको प्रतिवेदन ।
५. सञ्चालक समितिबाट स्वीकृति भई अनुमोदन गराउनु पर्ने विषयहरू ।
६. लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने ।
७. आ.व. २०७६/०७७ को अनुमानित आय-व्यय प्रस्तुत गर्ने ।
८. शेयर लाभांश बाँडफाँड सम्बन्धमा ।
९. विधान, नियमावली संशोधन
१०. सञ्चालक समिति/लेखा समिति/जिल्ला प्रतिनिधीको चयन सम्बन्धमा ।
११. अन्य आवश्यक विषयहरू ।

नोट : साधारण सभामा सहभागिताका लागि आउँदा शेयरधनी परिचय-पत्र वा शेयरधनी प्रमाण-पत्र अनिवार्य रुपमा ल्याउनु पर्नेछ ।

आज्ञाले

डम्बर बहादुर शाह
महा-प्रबन्धक
तथा सदस्य सचिव

## परिचय :

किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड सहकारी ऐन २०४८ (संशोधन २०७४) अनुसार बहुउद्देश्यीय सहकारी अन्तर्गत स्थापना भएको संस्था हो । यो संस्था २०५२ कार्तिक १७ गते तत्कालिन सहकारी प्रशिक्षक तथा डिभिजन कार्यालय, धनगढीमा विधिवत रूपमा दर्ता भई शुरू गरिएको हो । तत्कालीन समयमा यस क्षेत्रमा बैंक तथा वित्तिय संस्थाको उपस्थिती न्यून रहँदा स्थानियहरू वित्तिय सेवाबाट बन्चित रहेका कारण अधिकांश साहु महाजनहरूले वित्तिय बजारमा कब्जा जमाएको अवस्था थियो । लम्की, चिसापनी लागायतका क्षेत्रहरू स्रोत साधन तथा व्यापारीक दृष्टिकोणले सम्भावना युक्त क्षेत्र भए पनि बैंक तथा वित्तिय संस्था नहुँदा सम्भावनाहरू उजागर हुन सकिरहेका थिएनन् ।  कृषिका लागि उर्वर मानिने पुर्वि कैलालीमा कृषकहरूले मल, खाद, बिउ विजनको अभाव खेपि रहुन परेको अवस्था थियो । यिनै अवस्थाहरूलाई सम्बोधन गर्ने सोचाई अनुरूप स्थानीय समाज सेवी, बुद्धीजीवी, व्यापारी तथा किसानहरूको अगुवाईमा छलफल गरी सहकारी संस्था स्थापना गर्नु पर्छ भन्ने अवधारणा अनुरूप "किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड" नामाकरण गरी संस्था स्थापना भएको हो । शुरूको अवस्थामा २५ जना शेयर सदस्यको ६०,६००।- शेयर पूँजीबाट, कैलाली जिल्ला कार्य क्षेत्र बनाई कारोवार शुरू भएको हो । हाल यो संस्थाले जिल्ला भरी नै कार्यक्षेत्र बनाई सहकारीमा आधारित वित्तिय सेवा, लघुवित्त कार्यक्रम, तथा कृषि प्रवर्द्धन (रासायनिक मल बिक्री तथा एकिकृत कृषि फर्म) लगायतका कार्यक्रमहरू संचालन गरि अगाडि बढि रहेकोछ । हाल सहकारी वित्तिय सेवा तर्फ लम्की, टीकापुर, जोशीपुरमा शाखा कार्यालयहरू संचालनमा रहेका छन् भने लघुवित्त कार्यक्रमतर्फ कैलाली जिल्ला भरी १८ शाखाहरू सञ्चालनमा रहेका छन् । त्यसैगरी लम्की स्थित केन्द्रीय कार्यालयबाट रासायनिक मलखाद बिक्री गर्दै आएको छ भने जानकी गाउपालिकाको अमरावतीमा एकिकृत कृषि फर्म सञ्चालन गरेको छ ।

समयानुकुल संस्थागत विकासमा जोड दिई प्रविधिलाई आत्मसाथ गर्दै आज संस्था स्थानिय स्तरमा नमुना तथा अग्रणी संस्था बन्न पुगेको छ ।

## परिकल्पना

सहकारिताको मुल्य मान्यताको अवलम्बन गरी गरिब, विपन्न तथा पिछडिएको वर्गहरूको सामाजिक र आर्थिक विकासका माध्यमबाट जीवनस्तरमा सुधार ल्याई स्वाबलम्बी समाजको निर्माण गर्दै समुदायमा आधारित दिगो, सबल एवम् सशक्त सहकारी संस्थाको रूपमा स्थापित हुने ।

**नारा :** समृद्धिका लागि समुदाय संग संगै ।

## ध्येय

- आर्थिक, सामाजिक तथा वातावरणीय सेवाहरूको माध्यमबाट सदस्यहरूको जीवनस्तरमा सुधार ल्याउने ।
- दक्ष जनशक्तिहरूको विकास तथा स्थानिय स्रोत र साधन परिचालनको माध्यमबाट स्वरोजगारका अवसरहरू सिर्जना गराउने ।
- लघुवित्त कार्यक्रमलाई नेपालकै नमूना प्रविधियुक्त लघुवित्त बनाउने ।

## लक्ष्य

- संस्थाको कार्य क्षेत्रका सम्पूर्ण स्थानियतहका सबै वडाहरूमा सेवा विस्तार गर्ने ।
- कार्य क्षेत्रमा रहेकाकुल परिवार संख्याको कम्तीमा ६० प्रतिशत परिवारहरूमा वित्तिय सेवा पुऱ्याउने ।
- 'एक घर एक स्वरोजगार'का नारा लिई गरिबी स्तर न्यूनीकरणमा सघाउने ।
- विद्यार्थी तथा विद्यालय वित्तिय साक्षरता कार्यक्रम मार्फत समुदायमा वित्तिय साक्षरता पुऱ्याउने ।
- संस्थाको दिगोपनाको लागि कोषलाई नियमित वृद्धि गर्दै लैजाने ।
- संस्थामा आवद्ध सम्पूर्ण सदस्यहरूलाई कोषमा आधारित सामाजिक सुरक्षा योजना सेवा उपलब्ध गराउने ।
- सम्पूर्ण सदस्यहरूलाई उपलब्ध साधन स्रोतको प्रयोग गर्दै उद्यमी बन्न प्रेरित गर्ने ।
- संस्थाले प्रदान गरेका सेवाहरूबाट आफ्ना सदस्यहरूको जीवन स्तरमा क्रमिक सुधार ल्याउने ।
- कृषि उत्पादन तथा उत्पादन पश्चातका मुल्य श्रृखला (Value Added) सेवाहरूका लागि कृषक सदस्यको आय बृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- सामाजिक सुरक्षण सिद्धान्तहरूलाई पूर्ण रूपमा आत्मसात गर्ने ।

# किसान बहुउद्देश्यीय सहकारी संस्था लि.

लम्कीचुहा न.पा.-१, लम्की, कैलाली

## अध्यक्ष ज्यूको मन्तव्य



किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड कैलाली को २५ औं वार्षिक साधारण सभामा हाम्रो आतिथ्यलाई सहर्ष स्वीकार गरी पाल्नु हुने आदरणीय प्रमुख अतिथि ज्यू, मञ्चमा आसिन विशिष्ट अतिथि ज्यूहरु, अन्य अतिथि ज्यूहरु सञ्चालक समितिका मेरा सहकर्मी मित्रहरु लेखा समितीका मित्रहरु, सदस्य ज्यूहरु तथा संस्थाको प्रगतिका लागी सहयोग एवम सद्भाव व्यक्त गर्नुहुने सम्पूर्ण शेयरसदस्य महानुभावज्यूहरु, राजनीतिक दलका मित्रहरु, पत्रकार मित्र, संस्थाको लक्ष्यप्राप्तीका लागि अहोरात्र खटिनुभएका कर्मचारी मित्रहरू तथा संस्थालाई प्रत्यक्ष, अप्रत्यक्ष रूपमा सहयोग गर्नु हुने सम्पूर्ण महानुभावहरुमा संस्था तथा मेरो व्यक्तिगत तर्फबाट सहकारी अभिवादन सहित हार्दिक स्वागत गर्न चाहन्छु ।

### आदरणीय शेयरसदस्य महानुभाव ज्यूहरु,

यो संस्था आज २४ औं वर्ष पार गरी २५ औ वर्ष मा प्रवेश गरेको छ । संस्थाको विकासक्रमको श्रृंखलाबारे यहाँहरूमाझ मैले धेरै कुराहरू भनिरहनु नपर्ला । यस क्षेत्रका जनताहरू वित्तिय सेवाबाट विमुख भएकाबेला स्थानियलाई सहकारीको माध्ययमबाट एकताबद्ध गरि आर्थिक क्रियाकलापमा प्रोत्साहित गर्ने उद्देश्यले संस्थाको जन्म भएको हो । संस्थाको जन्म संगै देशमा आएको असहज परिस्थितीले अनेकन जटिलताहरू निम्त्यायो । तथापी संस्थालाई माया गर्ने र सहकारीको मर्मलाई आत्मसाथ गर्ने तपाई सदस्यहरूको अगाध आस्था, प्रेरणा र सद्भावका कारण त्यस्तो विषम परिस्थितीमा समेत संस्था विचलित हुनुपरेन र अन्ततत्वगत्वा अनेकन जटिल परिस्थितिहरूको सामना गर्दै आजको अवस्था सम्म संस्था आई पुगेको छ । यो वर्षलाई हामीले रजत जयन्ती वर्षका रूपमा मनाई रहेका छौं । रजत जयन्ती वर्षको अवसर पारेर सदस्य तथा समुदाय लक्षित २५ ओटा कार्यक्रमहरू सार्वजनिक गरेका छौं । ति कार्यक्रमहरूको औचित्य तथा अपेक्षित परिणाम बारे यसै प्रतिवेदनबाट थाह पाई सक्नु भएको होला । हाल संस्थाले आफूलाई यस क्षेत्रमा नमुना सहकारीको रूपमा स्थापित गर्नुका साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा परिचित हुन सफल भएको छ । हामी सबैको संस्था प्रतिको अगाध स्नेह, अनुशासन र प्रतिबद्धताका कारण नै संस्थाले यो सौभाग्य प्राप्त गरेको हो । संस्थाको हालको धरातलिय स्थीत तथा वित्तिय अवस्था बारे तपाईले यसै प्रतिवेदनलाई अध्ययन गरेर जान्न सक्नु हुनेछ साथै महाप्रबन्धक ज्यूले प्रस्तुत गर्ने प्रतिवेदनबाट समेत थप प्रष्ट हुन सक्नु हुनेछ ।

### शेयरसदस्य महानुभावज्यूहरू,

अब म संक्षिप्तरूपमा गत आ.व. २०७५/०७६ को समिक्षा गर्न चाहन्छु । नियमन दायरामा रहेका देशभरीका १४ वटा सहकारी संस्थाहरू नेपाल राष्ट्र बैंकको नियमन दायराबाट वि.सं. २०७५ श्रावण १ गतेदेखि

अलग्गीए पछि सहकारी क्षेत्रमा ३ तहको नियमन लागु भएको छ । सहकारी नियमावली २०७५ अनुसार स्थानिय, प्रदेश र संघले सहकारीको नियमन गर्ने भएका छन् । यस बाट सहकारी क्षेत्र थप सुदृढ हुने विश्वास लिन सकिन्छ । तथापी सुदूरपश्चिम प्रदेश सरकारले हाल सम्म सहकारी नियमावली जारी गर्न र रजिष्ट्रको नियुक्ती गर्न नसकेकाले समिक्षा आ.व.मा. विनियम संसोधन लगायत अन्य नियमनकारी निकायको भूमिका सुस्त हुन गयो । वित्तिय संस्थाहरूको बाक्लीदो उपस्थितीले वित्तिय पहुँच विस्तार भएपनि तद्अनुरूप उत्पादनशिल क्षेत्रमा लगानी हुन नसक्दा विगत वर्षझैं अनाधिकृत वित्तिय कारोबारले विश्राम लिन सकेन । स्थानिय स्तरमा देखिएका ढुकुटी, मिटर ब्याज, चेक बाउन्स लगायतका घटनाहरूमा कमी आउन नसक्नु त्यसैको उदाहरण थियो । तथापी संस्थाले उत्पादनशिल क्षेत्रमा कर्जा लगानीका लागि आवश्यक मापदण्ड अनुसार कर्जा विश्लेषण प्रक्रियालाई थप चुस्त बनाई लागु गरेका कारण संस्थाको व्यवसायिक सफलतामा कमी आएन ।

## शेयरसदस्य महानुभाव ज्यूहरू,

अब म संस्थाले समिक्षा अवधिमा हाँसिल गरेका मुख्य उपलब्धिहरू तथा आगामी कार्यक्रमहरूबारे छोटकरीमा चर्चा गर्न चाहन्छु । विविध चुनौती तथा व्यवधानहरूका बावजुद यस संस्थाले वित्तिय सेवालाई थप प्रभावकारी बनाउन आवश्यक कदमहरू चालेको छ । प्रविधिमा आधारित सेवा प्रवाहलाई जोड दिंदै परिमार्जित मोबाईल बैकिंग, सुधारिएको ट्याब्लेट बैकिंग, एटीएम, लम्की सानाशहरी खानेपानी संगको समन्वयमा डिजीटल शुल्क भुक्तानी प्रणाली समेत स्थापना गरिसकेको छ । यसका अतिरिक्त संस्थाका बचतकर्ता सदस्यहरूको हितलाई ध्यानमा राखी नेपाल भरीका कुनैपनि बैंक तथा वित्तिय संस्थाबाट यस संस्थाको एटीएम कार्ड प्रयोग गरि रकम झिक्दा कुनैपनि शुल्क नलाग्ने व्यवस्था समेत मिलाएका छौ । यसबाट संस्थाको आफ्नै एटीएम मेसीनहरूको संख्या कम भए पनि सदस्यलाई विभिन्न स्थानमा आवश्यकता अनुसार अन्य एटीएम मेशीनहरूबाट रकम झिक्न सहज हुने विश्वास लिएका छौं ।

संस्था रजत जयन्ती वर्षमा प्रवेश गरेको अवसरमा गत मंसीर १७ गतेबाट सामाजिक उत्तरदायित्व अन्तर्गत विविध कार्यक्रमहरू शुरू गरेका छौं । जस अन्तर्गत संस्थाका सदस्य, गैर सदस्य समुदाय र कर्मचारीहरू लक्षित विविध कार्यक्रमहरू रहेका छन् । ति कार्यक्रमहरू मध्ये रक्तदान कार्यक्रम, सहाराघर बौनीयालाई स्थायी सम्पत्ती हस्तान्तरण, कर्मचारीहरूको पुनर्ताजगीका लागि अतिरिक्त क्रियाकलाप तथा समुदायसंग मैत्रीपूर्ण खेलकुद कार्यक्रम सकिएका छन् । त्यसैगरी विद्यालयसंग किसान कार्यक्रम अन्तर्गत संस्थाको कार्यक्षेत्रमा अवस्थित शैक्षिक संस्थाहरूसंगको समन्वयमा विद्यार्थी वित्तिय साक्षरता तथा निशुल्क भविष्य बचत खाता सन्चालनमा ल्याएका छौं । यस बचत खातामा विद्यार्थीका अभिभावकको निशुल्क ३ लाख सम्मको दुर्घटना बिमा र ५ जना परिवारको वर्षभरीको ५० हजार बराबर निशुल्क स्वास्थ्य बिमा सुविधा समेत रहेकाले यसको लाभ लिनहुन म सम्पूर्ण सदस्य अभिभावक ज्यूहरूलाई आग्रह गर्न चाहन्छु । समाजमा उद्यमशिलताको सृजना भए मात्रै स्थानिय स्तरमा रोजगारीको अवस्था सृजना हुन्छ भन्ने हाम्रो मान्यता रहि आएको छ । रोजगारीमा बृद्धीभए मात्रै आय तथा उपभोगमा बृद्धी हुन्छ । आय तथा उपभोगमा हुने बृद्धीका कारण व्यक्तिको जिवनस्तरमा बृद्धी हुन्छ तसर्थ यस संस्थाले आफ्ना सदस्यहरूलाई उद्यमशिल बनाउने उद्देश्यले विभिन्न सिपमुलक तालिमहरू निशुल्क उपलब्ध गराईरहेको

म यहाँहरू माझ जानकारी गराउन चाहन्छु । चालु आर्थिक वर्ष देखि सदस्यको उद्यमशिलता विकासमा सघाउने उद्देश्यले संस्थाले जानकी गाउँपालिकाको पथरैयामा एकिकृत कृषि फर्म तथा निशुल्क कृषि तालिम केन्द्र सन्चालनमा ल्याएको छ । यो कृषि फर्मको सिकाईबाट संस्थाले अन्य क्षेत्रमा समेत यस्तै फर्म तथा व्यवसायिक सिप प्रशिक्षण स्थलहरूको विकास गर्दै जाने लक्ष्य लिएको छ । त्यसैगरी यसै आर्थिक वर्षबाट सदस्यका बेरोजगार छोराछोरीहरूलाई उद्यमी बनाउने लक्ष्य सहित 'नविन' कार्यक्रम सन्चालनमा ल्याएका छौ । 'नविन' कार्यक्रमबाट हाम्रा सदस्यका बेरोजगार छोराछोरीहरूले निशुल्क प्राविधिक तालिम पाउनुका साथै व्यवसाय स्थापनाका लागि ऋण स्वरूप बिउ पुँजी समेत प्राप्त गर्नेछन् । सदस्यहरूलाई व्यवसायिक कृषितर्फ आकर्षितगरि उहाँहरूको आयस्तर बृद्धि तथा ऋणमा पहुँच बृद्धिका लागि ३ जना कृषि प्राविधिक मार्फत उन्नत तथा व्यवसायिक कृषि खेती प्रविधि बारे विभिन्न बालीहरूमा तालिम प्रदान गरिरहेका छौं ।

संस्थागत सुशासनलाई उच्च राख्ने धेयका साथ प्रचलित सहकारी ऐन तथा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धि नियमावली २०७३ बमोजिम संस्थाले चालु आ.व. देखी आन्तरीक कार्यविधि बनाई सोही अनुसार 'कम्प्लायन्स अफिसर' समेत नियुक्त गरी सकेको व्यहोरा जानकारी गराउन चहान्छु । यस अवधिमा ठूला तथा शंकास्पद कारोबारहरूमा सुक्ष्म निगरानीको व्यवस्था संस्थाले गरेको छ । यसै वर्ष देखि पहिलो पटक ग्राहक सुरक्षण सिद्धान्तलाई अबलम्बन गर्ने कार्य गरेका छौं । ग्राहक सुरक्षण सिद्धान्तलाई लागु गर्ने उद्देश्यले मौजुदा आन्तरीक कार्यविधिहरूमा संसोधन तथा केही थप नीतिहरू अंगिकार गरेका छौं । जस अन्तर्गत सदस्यको गुनासो सुन्ने तथा निराकरण नीति, सदस्य सन्तुष्टी सर्वेक्षण नीति, ग्राहक सूचना गोपनियता नीति, कर्जा जोखीम न्यूनीकरण मापदण्ड लगायतका नीति तथा कार्यविधिहरू बनाई लागु गरेका छौ भने ति नीतिहरूलाई पूर्ण रूपमा पालना गर्न आवश्यक पर्ने भौतीक पुर्वाधार तथा जनशक्तीको समेत व्यवस्था गरेका छौं । जस अन्तर्गत फोन गर्दा पैसा नपर्ने टोल फ्रि नम्बर प्रयोगमा ल्याएका छौं । सम्पूर्ण शाखाहरूमा वडापत्र तथा गुनासो पेटीकाको व्यवस्था गरेका छौं । यसका अतिरिक्त गुनासो सुन्ने अधिकारी, गुनासो निराकरण संयन्त्र निर्माण लगायतका विष्यहरूमा अभ्यस्त भईरहेका छौं । यती मात्र नभई ग्राहक सुरक्षण सिद्धान्तलाई पूर्णरूपमा कार्यान्वयनमा ल्याई निकट भविष्यमै अन्तराष्ट्रिय स्तरको 'स्मार्ट सर्टिफिकेट' प्राप्त गर्न संस्थाले आवश्यक कार्य गरिरहेको छ । जसका लागि सक्षम एक्सेस टू फाईनान्सबाट वित्तिय सहायता तथा विश्व शिक्षा अष्ट्रेलियाको गुड रिटर्न कार्यक्रमबाट प्राविधिक सहायता लिईरहेका छौं । विश्वास छ अब को ६ महिना भित्र नेपालमा अन्तराष्ट्रिय स्तरको 'स्मार्ट सर्टिफिकेट' पाउने पहिलो संस्था किसान बहुउद्देश्यीय सहकारी संस्था हुनेछ । यसबाट हाम्रो साखलाई अझ उचाईमा पुऱ्याउने तथा संस्थाको सेवा प्रति ग्राहक एवं सदस्यको बृहत्तर सन्तुष्टी कायम राखिरहन संस्था प्रेरित भईरहने अवस्था सृजना हुने छ ।

## आदरणीय शेयरसदस्य महानुभाव ज्यूहरु,

सहकारी सहकार्यको लागि हो । एक्लैले गर्न नसकिने कामहरु सामुहिक प्रयासबाट गर्न सकियोस् भन्ने उद्देश्यले सहकारीको अवधारणा आएको हो । जहाँ सहकार्यको औचित्य रहदैन तहाँ समाज तथा राष्ट्र विचलित हुन पुग्द्छ भन्ने हाम्रो मान्यता हो । 'समृद्धीका लागि समुदाय संग संगै' भन्ने हाम्रो नारा रहेको छ । यो नाराको औचित्य त्यतीबेला पुष्टीहुन्छ जब समुदायसंगको सहकार्य तथा सामुहिक प्रयासबाट

हामी सबल र समृद्ध समाजको निर्माण गर्न सफल हुन्छौं । यो नारालाई सार्थक बनाउन यो संस्था सदैव समुदायसंग सहकार्य गर्न लचिलो हुदै आएको छ ।

यहाँहरूले हाल सम्म अनवरत रूपमा यस संस्थालाई विश्वास गर्नु भएको छ । सबैको विश्वास आर्जन गरेकै कारण हामी जटिल परिस्थितीमा पनि सबल र उत्कृष्ट सेवा दिन सक्षम भएका हौ । हामीले जे गऱ्यौ र अब जे गर्ने छौ त्यसको असर अर्थात फाईदा, वेफाईदा अथवा अवसर यो समाज अर्थात तपाई हामी सबैका लागि हो । यहाँहरूलाई अवगत गराउँन चाहन्छु हरेक वर्ष संस्थाले नयाँ कर्मचारीहरूलाई भर्ना गर्दै आएको छ जसबाट स्थानिय स्तरमा प्रत्यक्ष रोजगारीमा बृद्धी भईरहेको छ ।  यस संस्थामा रहेका कर्मचारीहरू तपाई हाम्रै भाई बहिनीहुन । तपाई हामीले यस संस्था मार्फत गरेको सफल र उदाहरणिय सहकार्यका कारण नै आज ति भाई बहीनीहरूको परिवार चलेको छ र सफल जिवनयापन गरिरहेका छन् ।

## आदरणीय शेयरसदस्य महानुभाव ज्यूहरु ,

सहकारी ऐन २०७४ को व्यवस्था अनुसार गरिमामय २४ औ साधारण सभाको निर्णय बमोजिम गत आ.व.को खुद मुनाफाबाट १८ प्रतिशत नगद लाभांश वितरण गर्न गईरहेका छौं । यसका अतिरिक्त चालु आ.व.बाट सहकारी नियमावलीको दफा २५ बमोजिम सदस्यले संस्थासंग गर्ने बचत तथा ऋणको कारो बारका आधारमा संरक्षित पुँजी फिर्ता कोषबाट समेत थप रकम वितरण गर्न गईरहेका छौं । संरक्षित पुँजी फिर्ता कोषबाट रकम वितरण गर्दा नियमावली अनुसार असल कर्जा कारोबार गर्ने सदस्यलाई मात्र गरिने भएकोले संस्थासंग ऋण कारोबार गर्नुहुने सम्पूर्ण सदस्यहरू लाई असल कारोबार गर्नहुन र बचत कर्ता सदस्यहरूलाई नियमित बचत गर्नुहुन आग्रह गर्न चाहन्छु ।

संस्थाले विगतका आ. व. हरूको तुलनामा वार्षिक रूपमा अत्याधिक कारोवार बृद्दि गरीरहेको ब्यहोरा तपाईहरूलाई उपलब्ध गराईएको बित्तिय विवरणबाट जानकारी प्राप्त गर्नु भएकै होला । संस्थाको आर्थिक अवस्था, नाफा-नोक्सान, वासलात, भावी कार्य योजना, प्रस्तावीत बजेट महाप्रबन्धक ज्यूले पेश गर्नु हुनेछ । जस माथी यस गरिमामय सभाले ब्यापक छलफल गरी आवश्यक मार्ग निर्देशन सहित पारीत गर्नु हुनेछ भन्ने मैले बिश्वास लिएको छु ।

सहकारीका सदस्य महानुभावज्यूहरूलाई ऋणको अभावमा कुनै परियोजना कार्यमा बाधा नपुगोस भन्ने उद्देश्यले आफ्नो पूजिले अपूग भएको अवस्थामा पनि बिभिन्न बैंक तथा बित्तिय संस्थासँग कर्जा लिई निरन्तर रूपमा सदस्यहरूको मागलाई पूरा गर्न प्रयत्नरत छौ । संस्थाले बिभिन्न रेमिटान्स सेवा गर्ने कम्पनी तथा बैंकहरूसँग थप सम्भौता गरी रेमिटान्स कारोवारलाई सरल गरि सकेको छ । संस्थाले विगत वर्षहरू देखि मोबाईल बैकिङ्ग सेवा, कम्प्यूटराईज्ड ए.बि.बि.एस. सेवा, ए.टी.एम., आई.भी.आर. लगायतका उच्च स्तरिय प्रविधिलाई प्रयोगमा ल्याई सेवा दिईरहेको व्यहोरा समेत अवगत गराउन चाहन्छु । संस्थाले समिक्षा आ.व.देखि नै आफ्नै वेवसाईट मार्फत आफ्ना सदस्य तथा ग्राहकहरूलाई संस्थाका विभिन्न गतिविधीहरूबारे जानकारी प्रवाह गरिरहेको व्यहोरा समेत अवगत गराउँदै ईन्टरनेट प्रयोगकर्ता ग्राहक सदस्यका लागि छिटै ईन्टरनेट बैंकिङ्ग समेत सन्चालन गर्ने तयारी भईरहेको समेत जानकारी गराउन चाहन्छु ।

आदरणीय शेयरसदस्य महानुभाव ज्यूहरु ,

संस्थाको मूल पूजि नैं शेयर पूजी हो । शेयर पूजी बढी भएमा नै संस्थाको साख समेत बृद्धि हुने गर्दछ । तसर्थ सम्पूर्ण शेयरसदस्य महानुभावज्यूहरूलाई प्रत्येक वर्ष १८ प्रतिशत नगद लाभाँश वितरण गर्ने प्रतिबद्वता ब्यक्त गर्दै आफ्नो शेयरपूँजी कम्तीमा ५० थान तथा सो भन्दा बढी शेयर खरिद गर्ने महानुभावहरूलाई पनि थप शेयर खरिद गरी संस्थाको चुक्ता पूँजि बृद्वी गर्नु हुनेछ भन्ने मैले आशा लिएको छु ।

संस्थाको बित्तिय स्थिती सुदृढ भईरहेको अवस्थामा केही ऋणी सदस्यहरूले संस्थालाई तिर्नुपर्ने सावा ब्याज समयमा भुक्तानी नगर्दा संस्थालाई ब्यय भार थपिदै गएको छ । जसले गर्दा संस्थाले एक आ. व. मा असुल हुन बाँकी सावाँको केही अंशलाई जोखिम कोषमा राख्नु पर्ने अवस्था छ । अतः सम्पूर्ण ऋणी सदस्यहरूलाई म आग्रह गर्न चाहुन्छु की संस्थाबाट लिएको कर्जाको समयमा नै नियमित भुक्तानी गरी कर्जाको सही सदुपयोग होस जसबाट संस्था तथा सदस्यहरूलाई उचित प्रतिफल मिलोस् ।

आदरणीय शेयरसदस्य महानुभावज्यूहरु ,

संस्थाले खुद मुनाफा आर्जन गर्ने क्रम प्रत्येक वर्ष बढी रहेकोले यो संगै हाम्रो साख पनी बढीरहेको व्यहोरा यहाँहरू माझ अवगतै छ । संस्था नाफा मुखी मात्रै नभई सामाजिक दायित्व बहन गर्न समेत सदैव तत्पर रहेको छ । संस्थाले गरेका विविध सामाजिक क्रियाकलापका बारेमा महाप्रबन्धक ज्यूले प्रस्तुत गर्ने प्रतिवेदनबाट पनि थाह पाउन सक्नुहुनेछ ।

अन्त्यमा,

संस्थालाई आजको अवस्था सम्म पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण शेयर सदस्य ज्यू, पुर्वसंचालक ज्यूहरू, मेरा सहकर्मी सन्चालकज्यू हरूलाई उहाँहरूले यस संस्थाको प्रगतिका लागि पुऱ्याउनु भएको महत्वपूर्ण योगदानको लागि हार्दिक धन्यवाद दिदै विद्यमान संचालक समितिको अध्यक्षको हैसियतले संस्थालाई प्रगती पथमा डोऱ्याउन यस साधारण सभाबाट निर्वाचित हुने संचालक समितिले अझ बढी जिम्मेवारीपूर्वक कर्तव्यनिष्ठ भई भूमिका निर्वाह गर्नेछ भन्ने कुरामा विश्वस्त छौं । संस्थाको आर्थिक एवम् सामाजिक स्थिती तथा संस्थाको उत्तरोत्तर प्रगतिका लागि अथक प्रयास तथा सहयोग गर्नु हुने आदरणीय शेयरसदस्य महानुभावज्यूहरु, ग्राहकवर्ग, संचालक समितिका मित्रहरु, लेखा समिती, सहकारी विभाग काठमाण्डौं, राष्ट्रिय सहकारी महासंघ, नेपाल बहुउेश्यीय केन्द्रिय सहकारी संघ, राष्ट्रिय सहकारी बैंक, नेपाल राष्ट्र बैंक, सुदूरपश्चिम प्रदेश सरकार, सरकारको भूमी व्यवस्थापन, कृषि तथा सहकारी मन्त्रालय, स्वावलम्वन विकास केन्द्र (CSD), साझेदार बिभिन्न बैंक तथा बित्तिय संघ संस्था, यू.के.एड सक्षम एक्सेस टू फाईनान्स, विश्व शिक्षा अष्ट्रेलिया गुड रिटर्न कार्यक्रम, स्थानीय निकाय, बिभिन्न राजनीतिक दल, ब्यापारी, बुद्विजीवी,पत्रकारहरु, बिभिन्न संघ संस्था एवम् महाप्रबन्धक तथा सम्पूर्ण कर्मचारी मित्रहरु लगायत प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सबैलाई हार्दिक कृतज्ञता एवम् धन्यवाद दिन चाहुन्छु । साथै यस २५ औं वार्षिक साधारण सभामा आफ्नो अमूल्य समय दिई सहयोग प्रदान गर्ने शेयर सदस्य महानुभावज्यूहरू बाट उचित सहयोग एवम् मार्ग दर्शनको अपेक्षा राख्दैं यहाँहरूको गरिमामय उपस्थितीको लागि कृतज्ञता जाहेर गर्दछु ।

धन्यवाद

जय सहकारी, नमस्कार

सुरेन्द्र कुमार शाह
अध्यक्ष
सञ्चालक समिती

# किसान बहुउद्देश्यीय सहकारी संस्था लि.

KISAN BAHUUDESHIYA SAHAKARI SANSTHA LTD.

समृद्धिका लागि समुदाय संग सगै

## संस्थाको विगत ५ बर्षको स्थिती विवरण

| वर्ष. | शाखा संख्या | कर्मचारी संख्या | शेयर | बचत | ऋण लगानी | मूनाफा |
|---|---|---|---|---|---|---|
| २०७२ | १३ | ८६ | ४९,५७३,६०० | ३८७,६३२,५५६ | ८४४,९५५,४०४ | ४२,८११,३६६ |
| २०७३ | १३ | ११० | ६०,३७६,४०० | ५८३,८८३,५८६ | १,१०४,३९७,६४४ | ५६,३९८,२०५ |
| २०७४ | २१ | १४८ | ६९,४९१,५०० | ८१४,१४५,४०१ | १,४८२,१३८,३३७ | ६९,८६८,४५४ |
| २०७५ | २१ | १५७ | ८४,८९२,४०० | १,१५९,१२४,७०० | १८,८०,१२१,२७७ | ७३,५५१,९८३ |
| २०७६ | २१ | १६५ | १०४,६७९,४०५ | १,५०२,२०५,९८४ | २,४९८,८८१,२२५ | ८०,१९३,७७८ |

विगत ५ वर्षको बचत तथा ऋण कारोबारको ग्राफ




विगत ५ वर्षको शेयर पूँजीको स्थिती ग्राफ




विगत ५ वर्षको नाफाको स्थिती ग्राफ



# विद्यार्थी भविष्य बचत

**७.५%**

## सुन्दर अनि सुरक्षित भविष्य

- दैनिक मौज्दातमा ब्याज दिईने ।
- निःशुल्क एबिबिएस सेवा ।
- निःशुल्क ए.टी.एम. तथा मोबाईल बैकिङ्ग
- मासिक नियमित बचत गरेमा जन्मदिन शुभकामना तथा उपहार ।
- ***विद्यार्थीको अभिभावकको दुर्घटनाका कारण मृत्यु भएमा बार्षिक औसत मौज्दात रकमको १० गुणा सम्म वा रू. ३ लाख सम्म अध्ययन खर्च उपलब्ध गराइनेछ ।**
- ***न्यूनतम मौज्दात रू.५० हजार बचत भएमा पुरै परिवारको (५ जनासम्म) ५० हजार सम्मको निःशुल्क स्वास्थ्य बिमा ।**

* शर्तहरू लागु हुनेछन् ।

समृद्धिका लागि समुदाय संग संगै

**किसान बहुउद्देश्यीय सहकारी संस्था लि.**

**KISAN BAHUUDESHIYA SAHAKARI SANSTHA LTD.**

# किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

लम्कीचुहा न.पा.-१, लम्की, कैलाली

## लेखा समितिको वार्षिक प्रतिवेदन

यस संस्थाको केन्द्रिय कार्यालय लम्की, शाखा कार्यालय टीकापुर, शाखा कार्यालय जोशीपुर, कृषि सेवा केन्द्र लम्की, लघुवित्त कार्यक्रम अन्तर्गतको केन्द्रिय विभाग लम्की, सेवा केन्द्रहरू लम्की, बौनिया, मसुरिया, सुखड, भजनी, अत्तरिया, सहजपुर, पहलमानपुर, टीकापुर, जोशीपुर, हसुलिया, धनगढी, फुलवारी, सत्ती, पथरैया, प्रतापपुर, सोल्टा र चौमाला शाखाहरूको स्थलगत अध्ययन इलाका प्रमुखहरू र सुरपरिवेक्षण विभाग प्रमुखले तयार गरेको प्रतिवेदनको विस्तृत अध्ययनका आधारमा आर्थिक वर्ष २०७५/०७६ को आन्तरिक लेखा परीक्षण कार्य सम्पन्न गरी सो को आधारमा सोसंग सम्बन्धित नाफा-नोक्सान, वासलात तथा वित्तिय स्थिति विवरण यसै प्रतिवेदन साथ संलग्न गरी यो वार्षिक प्रतिवेदन पेश गरेका छौं । लघुवित्त कार्यक्रमका अन्य शाखाहरूको इलाकाले तयार गरेको अध्ययन प्रतिवेदनका आधारमा यो प्रतिवेदन तयार गरेकाछौं । हाम्रो दायित्व संस्थाभित्रका सम्पूर्ण शाखा तथा लघुवित्तका सम्पूर्ण शाखाहरू भित्र रहेका र हामीले संस्थाबाट प्राप्त गरेका आर्थिक विवरणहरूको अध्ययनको आधारमा राय, सल्लाह तथा सुझाव प्रस्तुत गर्नु हो । संस्थाको लेखा समितिको हैसियतले हामीले देखेका र संस्थाको वित्तिय विवरणबाट प्राप्त गरेका सम्पूर्ण जानकारीहरूलाई समेटेर प्रतिवेदन तयार गर्नु हामो कर्तव्य हो । साथै विगतमा प्राप्त गरेका सवल पक्षको निरन्तरता र राय सल्लाहको कार्यान्वयनमा यस संस्थासंग आवद्ध सबै संचालक समिति तथा कर्मचारी वर्गले ध्यान दिने छन् भन्नेमा यो समिति पूर्ण विश्वस्त छ । आगामी दिनमा संस्था अझ प्रगति तर्फ उन्मूख रहोस् भन्ने हाम्रो पनि कामना छ ।

### आन्तरिक लेखा परीक्षण सम्बन्धी टिप्पणी तथा सुझावहरु

### १. साधारण सभा :

यस संस्थाको २४ औं साधारण सभा मिति २०७५/०९/१४ गते सु.प. प्रदेश सरकार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री माननिय श्री विनिता चौधरी ज्यूको प्रमुख आतिथ्य, सु.प. प्रदेश संसद सदस्य श्री रतन थापा र लम्कीचुहा न.पा.का नगर प्रमुख श्री महादेव बजगाई ज्यूहरूको विशिष्ट आतिथ्य तथा संचालक समिति अध्यक्ष श्री सुरेन्द्र कुमार शाह ज्यूको अध्यक्षतामा जम्मा शेयरधनी ३८१७ जना मध्ये २३३७ जना शेयर सदस्यहरूको उपस्थितिमा भव्यताका साथ सम्पन्न भएको थियो ।

उक्त साधारण सभाबाट आ.व.२०७४/०७५ को नाफा, नोक्सान र वासलात स्वीकृत, लेखापरिक्षकको प्रतिवेदन स्वीकृत, अध्यक्षको प्रतिवेदन स्वीकृत, लेखा समिति र महाप्रबन्धकको प्रतिवेदन स्वीकृत, शेयर लाभांश बाँडफाँट तथा आ.व.२०७५/०७६ को अनुमानित आय व्यय, नियमावली विपरित राजिनामा दिने कर्मचारी सेवा सुविधा, टीकापुर शाखाका लागि घरजग्गा खरीद, सफ्टवेयर परिवर्तन, थोक कर्जा माग, ATM सेवा, लघुवित्त निर्देशिका, कर्जा नीति, आर्थिक प्रशासन नियमावली, कर्मचारी प्रशासन नियमावली, आगामी आ.व. २०७५/०७६ को लागि लेखापरीक्षक छनौटको अख्तियारी र नीजको पारिश्रमिक निर्धारण

लगायतका सञ्चालक समितिबाट स्वीकृत भई अनुमोदन गराउनु पर्ने विविध १४ वटा विषयहरू अनुमोदन लगायतका जम्मा ११ वटा निर्णय स्वीकृत गर्ने जस्ता नियमित प्रक्रियाका निर्णय पारित भएका थिए । आ.व.२०७४/०७५ मा कारोवार गर्ने उत्कृष्ट बचतकर्ता तथा उत्कृष्ट ऋणी शेयरधनीलाई पुरस्कृत गर्ने, शेयरधनीका एकाघरबाट प्रवेशिका परीक्षामा उत्तीर्ण गरी उच्च अंक ल्याउने छात्र/छात्रालाई जनही रू.५,१००/- (पाँच हजार एक सय) का दरले पुरस्कार वितरण गर्ने जस्ता निर्णयहरू पारित भएकोमा अधिकांश निर्णयहरू कार्यान्वयन भई सकेको र केहि निर्णयहरू कार्यान्वयन उन्मुख रहेको पाइयो ।

## २. संचालक समितिको बैठक, निर्णय र निर्णय कार्यान्वयनको अवस्था :

संस्थाको वृहतर हितलाई ध्यानमा राखी आ.व.२०७५/०७६ मा संचालक समितिको १६ पटक बैठक बसी ११८ महत्वपूर्ण निर्णय गरिएको पाइयो । जसमा आ.व.२०७४/०७५ को नाफा नोक्सान, वासलात स्वीकृत, लेखापरीक्षकको प्रतिवेदन स्वीकृत, कर्मचारी थप, कर्मचारी सेवा सुविधामा हेरफेर, स्थायी सम्पत्ति खरिद, NMC को सदस्यता लिने, बिमाको एजेन्ट संस्था, सदस्य मृत्यु सुविधा (२६ जना), कर्जा लगानी स्वीकृत, RMDC का सुझाब कार्यान्वयन, थोक कर्जा माग, कर्मचारी बढुवा, स्मार्ट सर्टिफिकेशन, कर्मचारी कारवाही, लघुवित्त सम्मेलन, विनियम र नियमावली संशोधन (१२ वटा), व्याजदर हेरफेर, SMS/Debit Card सुविधा, निःशुल्क आँखा शिविर सञ्चालन, केन्द्र प्रमुख गोष्ठि प्रत्येक शाखाहरूमा संचालन गर्ने, ATM सेवा, टीकापुरमा कार्यालय सञ्चालनका लागि घरजग्गा खरीद बोलपत्र आह्वान, कृषि कार्यक्रम संचालन, सामाजिक उत्तरदायित्व अन्तर्गत २ वटा शौचालय निर्माण, कृषि कन्सल्टेन्ट नियुक्ति, क्यालेन्डर निर्माण, लघुवित्त सदस्य वृद्धि विकास कोष स्थापना गर्ने, सेवा केन्द्रमा फ्रिज खरीद, बिमा प्रोत्साहन सुविधा, बचत तथा व्याजदरमा हेरफेर र साधारण सभाको मिति निर्धारण गर्ने आदि निर्णयहरू भएकोमा अधिकांश निर्णयहरू कार्यान्वयन भएको देखिन्छ र संशोधित विनियम हालसम्म प्रमाणित नभएको र टीकापुर कार्यालय सञ्चालनका लागि घरजग्गा खरीद बोलपत्र रद्द गरिएकाले सञ्चालक समितिद्वारा गरिएका निर्णय कार्यान्वयन तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

### क) पदपूर्ति उपसमिति :

पदपूर्ति उपसमितिले यस आ.व.२०७५/०७६ मा ८७ औ देखि ९८ औं सम्म १२ बैठक वसी विभिन्न निर्णय गरेकोमा कर्मचारी पदपूर्ति गर्ने, कर्मचारी बढुवा प्रक्रिया थालनी गर्ने, दरबन्दी थप, कर्मचारी स्थायीका लागि सिफारिस गर्ने र फिल्ड सहायकको विज्ञापन खोल्ने लगायत निर्णयहरू गरेको देखिन्छ ।

### ख) कर्जा उपसमिति :

कर्जा उपसमिति पनि सक्रिय रूपमा संस्थाको हितमा संलग्न रहेको देखिन्छ । यो समितिले यस आ.व. २०७५/०७६ मा ९२ औं देखि १०६ औं सम्म १५ वटा बैठक बसी रू.१० लाख देखि रू २५ लाख सम्मका शेयरधनीहरूका कर्जा फायलहरू अध्ययन गरी स्वीकृत गर्ने र रू २५ लाख भन्दा माथि १ करोड सम्मका कर्जा फायलहरू स्वीकृतिका लागि संचालक समितिमा सिफारिस गर्ने जस्ता निर्णयहरू गरेको देखिन्छ ।

ग) लघुवित्त उपसमिति :

यस आ.व.२०७५/०७६ मा लघुवित्त उपसमितिले ४२ औं देखि ४३ औं सम्म २ बैठक बसी विविध विषयमा निर्णय गरी संचालक समितिमा निर्णयार्थ पेश गर्ने निर्णय गरेको देखिन्छ । जसमा मुख्यतया लघुवित्त नियमावली संशोधन, कर्जा सीमा निर्धारणमा वृद्धि गर्ने, थप फिल्ड कर्मचारी माग गर्ने, केन्द्र प्रमूख गोष्ठी संचालन गर्ने, भाखा नाघेको कर्जा न्यूनीकरण गर्न पहल गर्ने र प्रगति समिक्षा आदि महत्वपूर्ण निर्णयहरू गरिएको पाइयो ।

घ) विधान संशोधन उपसमिति :

यस आ.व.२०७५/०७६ मा विधान संशोधन उपसमिति सक्रिय रही कार्य गरेको देखिन्छ ।

ङ) खरीद उपसमिति :

यस आ.व.२०७५/०७६ मा खरीद उपसमितिले संस्थालाई आवश्यक यन्त्र उपकरण लगायतका सम्पत्ति तथा सामाग्रीहरू खरीदका लागि कोटेशन आह्वान गर्नका लागि सिफारिस गरी उक्त समिति सक्रिय रहेको देखिन्छ ।

च) भवन निर्माण उपसमिति :

यस आ.व.२०७५/०७६ मा भवन निर्माण उपसमितिले ५० औं देखि ५१ औं सम्म २ बैठक बसी भवन निर्माण पूँजीकरण थप रू. ११,७९,७६५।५०, टीकापुर कार्यालय आन्तरिक सजावट र फर्निचर रू. ३,९५,५०१ र लम्की कार्यालय आन्तरिक सजावट र फर्निचर रू. १६,९१,५९८ रकम बरावरको खर्चलाई अनुमोदनका लागि सिफारिस गर्ने निर्णय गरेको देखिन्छ ।

छ) बजेट उपसमिति :

यस आ.व.२०७५/०७६ मा बजेट उपसमितिले २८ औं देखि ३१ औं सम्म ४ बैठक बसी बजेट रकमान्तर, प्रस्तावित वार्षिक बजेट निर्माण, कर्मचारी सेवा सुविधा वृद्धि (५ प्रतिशत तलव वृद्धि र महंगी भत्ता रू. १,००० वृद्धि) गरी संचालक समितिमा पेश गर्ने निर्णय गरेको देखिन्छ ।

## ३. ऋण लगानी प्रक्रिया :

३.१ यस संस्थाले लघुवित्त कार्यक्रम मार्फत रू. १,०००/-(एक हजार) देखि रू. ३,००,०००/- (तीन लाख) सम्म समूह जमानीमा विना धितो कर्जा लगानी गरी मासिक रूपमा असुली गर्ने गरेको छ साथै धितो मुल्याङ्कनका आधारमा रू. १०,००,०००/- (दश लाख) सम्म धितोमा सक्षम व्यवसायिक कर्जा लगानी गर्ने गरेको छ ।

३.२ संस्थाको बैंकिङ्ग कार्यालयले आवश्यक घर जग्गा, मुद्दती निक्षेपको रसिद आदिको धितो लिएर संस्थाको कर्जा निर्देशिका बमोजिम ऋण लगानी गर्ने गरेको छ ।

३.३ कर्जा वितरण गर्दा रू.४,००,०००/-सम्म शाखा प्रबन्धकबाट, रू.१०,००,०००/-सम्म महाप्रबन्धकबाट, रू.२५,००,०००/- सम्म कर्जा उपसमितिबाट र रू.२५,००,०००/- भन्दा माथि १ करोड सम्म संस्थाको कर्जा निर्देशिका अनुसार संचालक समितिबाट स्वीकृत गरी कर्जा वितरण गर्ने गरेको छ ।

३.४ धितोको मुल्याङ्कन गर्दा रू.१०,००,०००/-(दश लाख) सम्मको कर्जामा संस्थाका आधिकारिक कर्मचारीबाट धितो मुल्याङ्कन गर्ने र सो भन्दा माथिको कर्जामा संस्थाले तोकेको आधिकारिक कन्सल्टेन्टबाट धितोको मुल्याङ्कन गराई सोको आधारमा कर्जा वितरण गर्ने गरिएको छ ।

३.५ कर्जालाई विभिन्न श्रेणीमा वर्गीकरण गरी सोहि आधारमा जोखिम कोषको समेत व्यवस्था गरिएको छ ।

## ४. सहकारी विभागबाट जारी गरिएका मापदण्डको पालना :

सहकारी विभागबाट स्वीकृत प्राप्त गरी संचालित संस्था भएको हुँदा सहकारी मापदण्ड, संस्थाको विनियमलाई मूल आधार मानी संचालन भएको र जारी मापदण्डको अक्षरस पालना गरेको देखिन्छ ।

## ५. सहकारी कार्यालय, विभाग वा अन्य निकायले अनुगमन गरि दिएका सुझावहरु/ निर्देशनहरु कार्यान्वयनको अवस्था :

यस संस्थामा समय-समयमा नेपाल राष्ट्र बैंक, सहकारी विभाग, RMDC, FMDB, सक्षम नेपाल र किसान परियोजना (USAID) लगायतका सरकारी तथा गैरसरकारी वित्तिय संघसंस्थाहरूबाट अनुगमन तथा सुपरीवेक्षण कार्य सम्पन्न गरी आवश्यक सुझाव तथा निर्देशनहरू दिने गरेकोमा हाल सम्मको अवस्थालाई हेर्दा केहि सुझाव तथा निर्देशनहरू कार्यान्वयन भइसकेको र केहि कार्यान्वयन उन्मुख रहेको देखिन्छ ।

## ६. पदाधिकारीको सेवा सुविधा विवरण :

६.१ यस संस्थाका पदाधिकारीहरूले कुनै पनि किसिमको काम गरेबाफत पारिश्रमिक लिने गरेको देखिदैन ।

६.२ संस्थाका पदाधिकारीहरूको बैठक भत्ता विवरण निम्नानुसार रहेको छ ।

| | |
|---|---|
| - संचालक समिति भत्ता | रू.३,५००/- प्रति बैठक |
| - लेखासमिति भत्ता | रू.१,५००/- प्रति बैठक |
| - उप समिति भत्ता | रू.१,०००/- प्रति बैठक |

६.३ अन्य सुविधा :

संचालक र लेखा समितिका पदाधिकारीहरूलाई रू.२५०/- यातायात खर्च प्रति बैठक तथा प्रति कार्यदिन उपलब्ध गराउने गरेको देखिन्छ ।

## ७. कर्मचारी प्रशासन सम्बन्धि व्यवस्था :

७.१ यस संस्थाको कर्मचारी व्यवस्थापन गर्नका लागि साधारण सभाबाट पारित "कर्मचारी प्रशासन नियमावली-२०७२" रहेको छ । यस नियमावलीलाई समयानुकूल साधारण सभाबाट संशोधन पनि गर्दै लगिएको छ ।

७.२ संस्थाको कर्मचारी नियमानुसार पद तथा तह निर्धारण, सेवा सुविधा निर्धारण, सजाय आदि जस्ता कार्य यहि नियमावलीका आधारमा गर्ने गरेको हुँदा नियमावली प्रयोगमा रहेको देखिन्छ ।

७.३ कर्मचारी भर्ना प्रक्रिया :

संस्थालाई आवश्यक जनशक्ति पुर्ति गर्न समय-समयमा नयाँ कर्मचारी भर्ना गर्ने गरेको र सो कार्य गर्न पारदर्शिता र प्रतिस्पर्धाको सिद्धान्तलाई आधार मानेको पाइन्छ । जसका लागि संस्थाको केन्द्रिय कार्यालय, शाखाहरू र सेवा केन्द्र तथा राष्ट्रिय स्तरका पत्र-पत्रिकामा खुल्ला विज्ञापन प्रकाशित गरी सोहि बमोजिम लिखित परीक्षा, अर्न्तवार्ता र फिल्ड अवलोकनलाई आधार मानी कर्मचारी छनौट गर्ने गरेको देखिन्छ । यसर्थमा कर्मचारी छनौट प्रक्रिया पारदर्शी, निष्पक्ष र प्रतिस्प्रधात्मक रहेको देखिन्छ ।

७.४ कार्यरत कर्मचारी र कार्य बोझ विच तादम्यता :

हाल सम्म यस संस्थाका लम्की, टीकापुर र जोशीपुर शाखाहरूबाट बैंकिङ्ग कार्य, लघुवित्त तर्फका १८ सेवा केन्द्रहरू लघुवित्त केन्द्रिय विभाग, कृषि प्रवर्द्धन कार्यक्रम मार्फत वित्तिय र कृषि सेवा र साथै पथरैयामा कृषि फर्मको स्थापना गरी कृषि तर्फ किसानका शेयरधनी तथा ग्राहकहरूलाई कृषि सचेतना सेवा उपलब्ध गराउने कार्य संचालन हुदै आएको छ । जसमा बैंकिङ्ग तर्फ ३३ जना र लघुवित्त तर्फ १३२ जना कर्मचारी गरी जम्मा १६५ जना कर्मचारी कार्यरत रहेका देखिन्छन् । संस्थामा कार्यरत कर्मचारीहरूको कार्यवोझ हेर्दा संतोषजनक नै देखिन्छ । कहिले काही कार्यवोझ बढी भएको समयमा थप समय कार्य गरेपनि कार्य सम्पादन गरिने भएको हुँदा कर्मचारी र कार्यबोझ बिच तादम्यता भएको देखिन्छ । साथै संस्थाले प्रविधिको प्रयोगलाई पानि प्राथमिकता दिएको हुदाँ कर्मचारी र कार्यबोझ बिच तादम्यता देखिन्छ ।

७.५ कर्मचारी संख्या र भर्ना प्रक्रिया :

यस संस्थाको कर्मचारी प्रशासन नियमावली बमोजिम स्थायी, अस्थायी र करार गरि जम्मा १६५ जना कर्मचारी कार्यरत रहेका छन् । जसको विस्तृत विवरण निम्न बमोजिम छ ।

### नियुक्तिको किसिमका आधारमा कर्मचारी विवरण (२०७६ आषाढ मसान्त सम्म)

| नियुक्तीको किसिम | बैंकिङ्ग | लघुवित्त | जम्मा |
|---|---|---|---|
| स्थायी | २८ | ६० | ८८ |
| अस्थायी | ४ | १७ | २१ |
| करार | – | ४१ | ४१ |
| ज्यादारी | १ | १४ | १५ |
| जम्मा | ३३ | १३२ | १६५ |

### तहगत आधारमा कर्मचारी विवरण (२०७६ आषाढ मसान्त सम्म)

| पद | बैंकिङ्ग | लघुवित्त | जम्मा |
|---|---|---|---|
| महाप्रबन्धक | १ | – | १ |
| वरिष्ठ प्रबन्धक | – | – | – |
| प्रबन्धक | १ | – | १ |
| अधिकृत | १ | – | १ |
| सहायक अधिकृत | ६ | ३ | ९ |
| सुपरभाईजर | २ | ३ | ५ |
| वरिष्ठ सहायक | – | – | – |
| सहायक | २ | १८ | २० |
| कनिष्ठ सहायक | ६ | ३४ | ४० |
| फिल्ड सहायक | – | ४८ | ४८ |
| प्राविधिक | – | ४ | ४ |
| पियन स्थायी | ३ | – | ३ |
| पियन अस्थायी | – | ६ | ६ |
| पियन ज्यालादारी | १ | १४ | १५ |
| सुरक्षा गार्ड | ७ | – | ७ |
| सवारी चालक | १ | – | १ |
| वितरक | १ | – | १ |
| कुचिकार | १ | – | १ |
| चौकीदार | – | २ | २ |
| जम्मा | ३३ | १३२ | १६५ |

## ८. लेखासमितिले विगतमा दिएका सुझावहरुको कार्यान्वयनको अवस्था :

यस संस्थाको लेखा समितिले समय-समयमा लेखापरीक्षण कार्य सम्पन्न गरी प्रतिवेदन पेश गरेकोमा उक्त प्रतिवेदनमा औंल्याएका सुझावहरू मध्ये अधिकांश सुझावहरू तत्काल कार्यान्वयन भइसकेको र केहि सुझावहरू कार्यान्वयन तर्फ उन्मुख रहेको पाइयो ।

## ९. लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु :

क) नाफा नोक्सान ख) वासलात

ग) लघुवित्त शाखाहरू

लघुवित्त कार्यक्रम तर्फका सेवा केन्द्रहरूमा लघुवित्त निरिक्षण तथा अनुगमनका लागि इलाका, सुपरिवेक्षण विभागको व्यवस्था भई दुई ईलाका प्रमुखहरू, सुपरिवेक्षण विभाग प्रमुख, लघुवित्त प्रमुखबाट नियमित रूपमा अनुगमन, निरिक्षण तथा सुपरिवेक्षण भई रहेकाले विगतमा देखिएका कमीकमजोरी सुधार भई अधिकांश लघुवित्त सेवा केन्द्रहरूले केन्द्रिय कार्यालयले दिएको लक्ष्य प्राप्त गर्न सफल रहेकाले इलाका तर्फ चौमाला क्षेत्रका इलाका प्रमुखद्वारा सेवा केन्द्रको अनुगमन तथा निरीक्षणमा कतिपय सेवा केन्द्रमा निरन्तरता र नियमिततामा कमी देखिएकोले आगामी दिनमा सबै सेवा केन्द्रहरूमा सन्तुलित रूपमा अनुगमन तथा निरीक्षण गरी हालसम्म भाखा नाघेका सेवा केन्द्रहरू लम्की २२ जना सदस्य, टीकापुर २३ जना सदस्य, बौनियाँ १ जना सदस्य, जोशीपुर ८ जना सदस्य, पथरैया १ जना सदस्य, अत्तरिया ३२ जना सदस्य, धनगढी ३८ जना सदस्य, फूलवारी २७ जना सदस्य र सुखड १२ जना सदस्यहरूको किस्ता रोकिएकाले किस्ता असुली तर्फ विशेष कदम चाली आगामी दिनमा उक्त भाखा नाघेको किस्ता असुल्ने र नयाँ ऋणी सदस्यहरूको भाखा नाघन नदिन तर्फ सजक रहनुपर्ने देखिन्छ ।

अन्त्यमा यस आन्तरिक लेखा परीक्षण गर्ने क्रममा हामीलाई आवश्यक सहयोग गर्नु हुने संस्थाका सम्पूर्ण कर्मचारी प्रति हार्दिक आभार तथा स-धन्यवाद सहित संस्थाका सम्पूर्ण कर्मचारीहरूमा इमान्दारीता, लगनशिलता र कर्तव्यनिष्ठताको निरन्तरताको कामना गर्नुको साथै संस्थाको संचालक समिति तथा उपसमितिको दुरदर्शिता र कुशल व्यवस्थापनको कामना गर्दै यस प्रतिवेदनले औल्याइका टिप्पणी तथा सुझावहरूको सकारात्मक कार्यान्वयनको अपेक्षा साथ सम्बन्धित सबै पक्षबाट संस्थाको प्रगतिको लागि निरन्तर सहयोग हुनेछ भन्ने विश्वासका साथ यो लेखा समितिको वार्षिक प्रतिवेदन पेश गर्दछौं ।

| ........................ | ........................ | ........................ |
|---|---|---|
| (चेतराम देवकोटा) | (फणेन्द्रराज कार्की) | (मोतिप्रसाद उपाध्याय) |
| सदस्य | संयोजक | सदस्य |

मिति :-२०७६/०५/०३



2052-2077 25th SILVER JUBILEE YEAR

सक्षम
Access to Finance

बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
२० ५२
टिकापुर • लम्की, कैलाली •

UKaid
from the British people

# सम्पन्नताको सिंढी




बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
२० ५२
लम्की, कैलाली
समृद्धिका लागि समुदाय संग सँगै

**किसान बहुउद्देश्यीय सहकारी संस्था लि.**

**KISAN BAHUUDESHIYA SAHAKARI SANSTHA LTD.**

## तपाईंको आम्दानी कता जान्छ र कसरी चुहिन्छ ? कस्तो पैसालाई बचत गर्ने ?

# पैसाको प्रयोग




**सुरक्षित भविष्यका लागि फजुलमा खर्च कम गर्नु बुद्धिमानी ।**

# किसान बहुउद्देश्यीय सहकारी संस्था लि.

**KISAN BAHUUDESHIYA SAHAKARI SANSTHA LTD.**

समृद्धिका लागि समुदाय संग सँगै

# किसान बहुउद्देश्यीय सहकारी संस्था लि.

लम्कीचुहा न.पा.-१, लम्की, कैलाली

## महा-प्रबन्धकद्वारा प्रस्तुत कार्यक्रम तथा प्रगति प्रतिवेदन



### १. भूमिका :

२५ औं बार्षिक साधारण सभाका अध्यक्ष ज्यू तथा सभामा पाल्नुहुने आदरणीय प्रमुख अतिथी ज्यू, मञ्चमा आसिन सम्पूर्ण अतिथि ज्यूहरु, सञ्चालक समितीका पदाधिकारी ज्यूहरु, लेखा समिती संयोजक तथा सदस्य ज्यूहरु, संस्थाका आदरणीय शेयरधनी महानुभावज्यूहरु, सभामा उपस्थित हुनु भएका शुभ चिन्तकज्यूहरु, बिभिन्न राजनीतिक दल संग सम्वन्धित मित्रहरु, पत्रकार मित्रहरु तथा संस्थामा कार्यरत कर्मचारी मित्रहरुलाई हार्दिक स्वागत गर्दै सहकारी अभिवादन ब्यक्त गर्न चाहन्छु । सञ्चालनको २ दशक भन्दा लामो यात्राका क्रममा थोरै अनुकुल तर धेरै प्रतिकुल वातावरणमा तमाम उतारचढावहरूको सामना गर्दै आज रजत जयन्ती वर्षमा प्रवेश गर्दै २५ औं साधारणसभा सम्मको यात्रा तय गर्न यो संस्था सफल भएको अवसरमा म सम्पूर्णमा हार्दिक बधाई तथा धन्यवाद ज्ञापन गर्न चाहुन्छु । संस्था स्थापनासंगै कर्मचारीका रूपमा यस संस्थामा मेरो संलग्नता रहेका कारण ति उतारचढावहरूबारे म जानकार छु तसर्थ फर्केर हेर्दा गौरब महसुस गर्दछु ।

शेयर सदस्य महानुभावहरू विगत जे जस्तो रहे पनि आज संस्थाले राष्ट्रिय स्तरमा आफ्नो बलियो छबी बनाएको छ । यस क्षेत्रमा वित्तिय सेवा प्रवाहमा बैंक तथा वित्तिय संस्थाहरूको प्रतिस्पर्धा छ । यस्तो तिब्र प्रतिस्पर्धा का बिच संस्थाले नयाँ-नयाँ कार्यक्रम ल्याएर यस क्षेत्रमा आफ्नो दरिलो उपस्थिती जनाउनुका साथै लोकप्रियता समेत हासिल गरि आफ्नो छुट्टै अस्तित्व र पहिचान बनाई सकेको छ । सदस्यहरूलाई केन्द्रमा राखेर योजना बनाई अघि बढिएका कारण यो सम्भव भएको हो । अब यो उपलब्धिलाई संस्थागत गर्दै अझै लामो दुरीको यात्रा तय गर्नुपर्ने जिम्मेवारी तपाई हाम्रै काँधमा छ । यहाँहरूको साथ र समर्थन रहे यो चुनौतीपार गर्न अवश्य सकिनेछ भन्ने मेरो विश्वास छ । तसर्थ, आगामी दिनहरूमा दीर्घकालिन योजनाहरूको निर्माण गर्दै नयाँ सोच, कार्यक्रम र आयामका साथ अघि बढाउन यो साधारणसभाले दिशानिर्देश गर्ने छ भन्ने मैले विश्वास लिएको छु ।

### २. मुलुकको बर्तमान अवस्था तथा सहकारीक्षेत्र :

विगत २ वर्षयताको मुलुकको आर्थिक वृद्धिले हामी सबै नेपालीलाई उत्साहित बनाएको छ । उर्जाको आपुर्तीमा सहजता देखिएको कारण उद्योग व्यवसायक्षेत्र सकारात्मक रहने अनुमान प्रक्षेपण गरिएको छ । त्यसैगरी ग्रामिण भेगका विपन्न वर्गमा प्रवाहीत कर्जामा समेत पछिल्ला वर्षहरूमा लगातार बृद्धि भईरहेको तथ्यांकले देखाएको छ । २०७५ असार मसान्त सम्म नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त ४२ लघुवित्त संस्थाहरूबाट कुल १८ लाख ९९ हजार सदस्यहरू लाभान्वित भएकोमा २०७६ असार

मसान्त सम्म आई पुग्दा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त ९० ओटा लघुवित्त संस्थाहरूबाट कुल ४३ लाख ३० हजार ५ सय ८६ जना सदस्यहरूले सेवा पाईरहेका छन् । वित्तिय पहुँचको कुरा गर्ने हो भने बाणिज्य बैकहरू ७५३ स्थानिय तह मध्ये ७३९ तह सम्म पुगी सकेको तथ्याङ्क छ । यसबाट वित्त बजारमा प्रतिस्पर्धा तथा चुनौतीको अवस्था सहजै आँकलन गर्न सकीन्छ । सहकारी क्षेत्रको कुरा गर्ने हो भने सहकारी ऐन, नियम तथा सम्पत्तीशुद्धीकरण निवारण सम्बन्धि निर्देशिका लगायत थुप्रै कानुनी आधारहरू निर्माण गरि सहकारी क्षेत्रलाई थप सुदृढ बनाउन तर्फ राज्य क्रियाशिल रहेको आभास भएको छ । सहकारीको सुदृढीकरणका लागि कानुनी तवरबाट ऋण असुली न्यायधिकरण गठन गर्नु, कर्जा सूचना केन्द्र स्थापना गर्नु, समस्या ग्रस्त सहकारीको अनुगमन गर्नु लगायतका थुप्रै व्यवस्था भएका कारण सहकारी क्षेत्रको संस्थागत विकासमा जोड दिईरहेको पाईएको छ । त्यसका अलावा स्थानिय स्तरमा सहकारीको ऋण नतिर्ने, भाखा नघाउने, भाग्ने सदस्यहरूलाई स्थानिय तहबाट उपलब्ध हुने सामाजिक सुरक्षा तथा अन्य सेवामा बन्देज लगाउने र धारा तथा बिद्युत उपभोग गर्न समेत नदिने लगायतका विभिन्न मुद्दाहरूमा खुला बहस भईरहेको छ यसबाट सहकारीको सुदृढिकरणमा सरोकारवालाहरू गम्भिर भैरहेका छन् भन्ने बुझ्न सकिन्छ ।

## ३. गत वर्षको सिंहावलोकन तथा चालु वर्षको नीति तथा कार्यक्रम

आदरणिय शेयर सदस्य महानुभावहरू, अब म यस संस्थाको आ.ब. ०७५/०७६ को कार्यक्रम तथा प्रगतिलाई प्रस्तुत गर्न चाहुन्छु । यस संस्थाले सदस्यहरूबाट शेयर र विभिन्न प्रकृतिका बचत संकलनबाट पूँजी बृद्धि गरी तथा नपुग रकम बाह्य स्रोतबाट ऋण लिई सरल, सहज र लघुवित्त कार्यक्रम तर्फ घरदैलोमै गई कर्जा प्रदान गर्दै आईरहेको कुरा यहाँहरूमाझ अवगतै छ । संस्थाले विपन्न वर्गलाई लक्षितगरि सञ्चालन गरेको लघुवित्त कार्यक्रम तर्फ आवद्ध सदस्यहरूको आर्थिक उन्नती तथा सहज जिवनयापनका लागि वित्तय सेवा मात्रै नभई गैर वित्तिय सेवाका रूपमा निशुल्क विभिन्न सिपमुलक तालिम, परामर्श र सचेतनामुलक गतिविधिरू सञ्चालन गर्दै आएको छ । यस्ता गतिविधीबाट सदस्यहरूको आर्थिक र सामाजिक स्तर बढ्दै गएको छ ।

### ३.१ वितीय लक्ष्य तथा प्रगति :

संस्थाको कुल कारोबार आ.व. २०७४/०७५ मा रू २ अर्ब ३० करोड ६५ लाख ८ हजार ९१५ रूपैया रहेकोमा आ.व. २०७५/०७६ कारोबारमा झण्डै २५ प्रतिशत बृद्धी भई कुल कारोबार रू २ अर्ब ८८ करोड ५९ लाख ३० हजार ३२७ रूपैया पुगेको छ । जसको विस्तृत विवरण यसै प्रतिवेदनमा रहेको लेखापरिक्षकको प्रतिवेदन बाट थाह पाउन सक्नुहुनेछ । समिक्षा आ.व.मा कुल कारोबारमा बृद्धी भएपनि समयमै आवश्यकता अनुसार लगानी गर्न नसकिएका कारण अपेक्षाकृत सन्चालन मुनाफा आर्जन गर्न नसकिए पनि अघिल्लो आ.व. भन्दा १० प्रतिशतले सन्चालन मुनाफामा बृद्धि भएको छ । आ.व २०७५/०७६ का लागि संस्थाले अनुमान गरेको तथा हाँसिल गरेको वास्तविक वित्तिय अवस्था निम्नानुसार रहेको छ :

| क्र.सं. | विवरण | आ.व. २०७४/०७५ | गत आ.व. २०७५/७६ को | |
|---|---|---|---|---|
| | | | अनुमान | वास्तविक |
| १. | शेयर पुँजी | ८४,४९२,४०० | १००,०००,००० | १०४,६७९,४०५ |
| २. | निक्षेप | १,१५९,९७८,३१७ | १,६४५,०००,००० | १,५०२,१९६,५६४ |
| ३. | कर्जा लगानी | १,८८०,१२१,२७७ | २,५९०,०००,००० | २,४९८,८८१,२२५।३८ |
| ४. | कुल आम्दानी | ३५२,६७५,२५९ | ४६,९५,८२,७६० | ४५,२७,७७,४७४।१६ |
| ५. | कुल खर्च | २७९,१२३,२७७ | ३७,८५,८२,७६० | ३७,२५,८३,६९६।१४ |
| ६. | संचालन मुनाफा | ७३,५५१,९८३ | ९१,०००,००० | ८०,१९३,७७८।०३ |

## ३.२. स्थिती विवरण :

आ.व. २०७५/७६ सम्म संस्थाको स्थिती विवरण निम्नानुसार रहेको छ ।

| क्र.सं. | विवरण | २०७६ |
|---|---|---|
| १ | सेवा विस्तार जिल्ला | कैलाली |
| २ | उपमहानगर/नगर पालिका | ६ |
| ३ | गाउँ पालिका | ७ |
| ४ | कुल सदस्य संख्या | ५३,१२३ |
| ५ | कुल ऋण सदस्य संख्या | २५,९३८ |
| ६ | शाखा/सेवा केन्द्र | २१ |
| ७ | महिला कर्मचारी संख्या | ४० |
| ८ | पुरूष कर्मचारी संख्या | १२५ |
| ९ | जम्मा कर्मचारी संख्या | १६५ |

## ३.३ पूँजीकोषको अवस्था :

संस्थाको मुल धन भनेकै सदस्यहरूबाट प्राप्त शेयर रकम र संस्थाले नाफाबाट वर्षेनी जम्मा गर्ने कोषको रकम नै हो । विगत वर्षहरूभै यस वर्षपनि संस्थाले अफ्नो मुल धन अर्थात प्राथमिक पुँजीकोषमा बृद्धि गरेको छ । शेयर पुँजी तथा जगेडाकोष २०७५ भन्दा बृद्धि भएको छ । शेयर पुँजी २२ बाट २४ प्रतिशत पुगेको छ भने जगेडा २६ बाट २७ प्रतिशत पुगेको छ ।

| क्र.सं. | पुँजी तथा कोषको विवरण | २०७५ असार | २०७६ असार | बृद्धी ५% |
|---|---|---|---|---|
| १. | शेयर पूँजी | ८,४४,९२,४०० | १०४,६७९,४०५।०० | २४% |
| २. | जगेडा तथा कोषहरू | २१,००,७७,२१८ | २६७,४१७,७३९।१६ | २७% |

## ३.४ लगानी तथा पूँजी व्यवस्थापनको अवस्था :

यस संस्थाले आफ्ना शेयर सदस्यहरूको कर्जा आवश्यकतालाई व्यवस्थापन गर्न शेयर पूँजीबाट ४ प्रतिशत, जगेडा तथा अन्य कोष ९ प्रतिशत, निक्षेप ३३ प्रतिशत, सापटी ५२ प्रतिशत र अन्य दायित्व २ प्रतिशत गरी कूल पूँजी तथा दायित्व रू २ अर्ब ८८ करोड ५९ लाख ३० हजार ३२७ रूपैया जुटाएको छ ।




## ३.५ संचालन तथा मुनाफाको स्थिति:

यस संस्थाले आ.व. २०७४/०७५ मा ३५ करोड २६ लाख ७५ हजार २ सय ५९ कुल आम्दानी गर्न सफल भएको थियो । उक्त आम्दानीमा २७ करोड ९१ लाख २३ हजार २ सय ७६ खर्च भई सञ्चालन मुनाफा ७ करोड ३५ लाख ५१ हजार ९ सय ८२ रूपैया सञ्चालन मुनाफा आर्जन गर्न सफल भएको थियो भने आर्थिक वर्ष २०७५/७६ को कारोबारमा बृद्धी भएका कारण आम्दानीमा झण्डै २८ प्रतिशत बृद्धी भई संचालन मुनाफामा समेत बृद्धी भएको छ । आ.व. २०७५/०७६ मा ४५ करोड २७ लाख ७७ हजार ४ सय ७४ रूपैया आम्दानी गरेको छ । जसमध्ये ३७ करोड २५ लाख ८३ हजार ६ सय ९६ खर्च भई ८ करोड १ लाख ९३ हजार ७ सय ७८ रूपैया संचालन मुनाफा आर्जित गर्न सफल भएको छ । जसमध्ये कर्मचारी बोनस र आयकर व्यवस्था कटाई रू.६ करोड ८८ लाख ३९ हजार २ सय ९२ रूपैया खुद मुनाफा आर्जन गर्न सफल भएको छ ।

आम्दानी तर्फ :

| क्र.सं. | विवरण | २०७५/०७६ | २०७४/०७५ | फरक % |
|---|---|---|---|---|
| १. | ब्याज आम्दानी | ३८,८८,०७,०२१।२९ | ३००,५८१,५३०।०३ | २९% |
| २. | अन्य आम्दानी | ५,७४,१९,७७४।५२ | ४३,४६३,३८५।२१ | २७% |
| ३. | अनुदान आम्दानी | ६५,५०,६७८।३५ | ८,६३०,३४४।०१ | -२४% |
| कुल आम्दानी | | ४५,२७,७७,४७४।१६ | ३५,२६,७५,२५९।२५ | २८% |

आ.व.२०७४/०७५ र २०७५/०७६ मा भएको आम्दानीको विवरण चित्र (रू.एक हजारमा)




खर्च तर्फ :

| क्र.सं. | विवरण | २०७५/०७६ | २०७४/०७५ | फरक % |
|---|---|---|---|---|
| १. | ब्याज खर्च | २१,६८,७५,६९१।०३ | १५५,७९४,१२७।२४ | ३९ % |
| २. | मल खरिद खर्च | १,१०,०८,०७०।८७ | ११,३३८,०२१।०० | (३) % |
| ३. | कर्मचारी खर्च | ७,२१,३३,४३६।२ | ६३,७९०,३३८।५० | १३ % |
| ४. | संचालन खर्च | ४,११,२३,४०५।१९ | २९,९६३,०७७।७८ | ३७ % |
| ५. | व्यवस्था खर्च | ३,१४,४३,०९२।८४ | १८,२३७,७१२।१८ | ७२ % |
| कुल खर्च | | ३७,२५,८३,६९६।१४ | २७,९१,२३,२७६।७० | ३३ % |

संस्थाले आ.व. २०७४/०७५ मा आफ्नो सम्पूर्ण कारोबार पश्चात १ करोड ४५ लाख २५ हजार ३ सय ४१ रूपैया कर चुक्ता गरेको मा । गत आ.व.मा ४० लाख ६४ हजार १ सय ४२ रूपैया करका लागि व्यवस्था गरेको छ । मौजुदा व्यवस्था अनुसार सहकारी संस्थाको बचत तथा ऋण कारोबारमा ५ प्रतिशत मात्र कर तिर्नु पर्ने व्यवस्था भएकोले यस वर्ष तिर्नु पर्ने कर दायित्व गत वर्षको तुलनामा घटेको हो ।

आ.व.२०७४/०७५ र २०७५/०७६ मा भएको खर्चको विवरण चित्र (रू. एक हजारमा)




## ४. लघुवित्त कार्यक्रमः

आदरणिय शेयर सदस्य महानुभावहरू, अब म यस संस्थाले संचालन गरिरहेको लघुवित्त कार्यक्रम बारे संक्षिप्त रूपमा चर्चा गर्न चाहन्छु । महिलाहरूको सशक्तिकरण, आर्थिक रूपान्तरणको माध्यमबाट गरिबी न्यूनिकरण गर्ने उद्देश्यले २०६४ सालदेखि लघुवित्त कार्यक्रम संचालन गर्दै आईरहेको छ । एक दशकको अवधिमा हजारौंको संख्यामा गरीब विपन्न परिवारको आर्थिक जीवनस्तरमा उल्लेखनिय प्रगति भएका सफल उदाहरणहरू हामीसंग छन् । वित्तिय सेवाबाट विमुख दुरदराजका जनतालाई सेवा दिने लक्ष्यका साथ ट्याब्लेट बैकिङ्को अवधारणा अघि सारेको छ । हिजो सम्म केन्द्रबैठक सञ्चालनका लागि रजिष्टरको प्रयोग हुदै आएकोमा पछिल्ला दिनहरूमा ट्याब्लेटको प्रयोग गरि बैठक सञ्चालन भईरहेका छन् । यसले सदस्यको समयको बचत गर्नुका साथै फिल्ड कर्मचारीको कामलाई समेत सहज बनाईदिएको छ । केन्द्र बैठक पश्चात सदस्यहरूको मोबाईलमा कारोबारको विवरण एस.एम.एस जान थालेको छ । यसबाट सदस्यहरूको वित्तिय कारोबारका सूचनाहरूमा गोपनियता कायम हुनुका साथै पासबुक बोक्नु पर्ने झन्झटबाट समेत सदस्यहरू मुक्त भएका छन् ।

लघुवित्तमा आवद्ध सदस्यको क्षमता अभिवृद्धीका लागि विभिन्न सिपमुलक तालिम हरू प्रदान गर्दै आएका छौं । यसका अतिरिक्त सदस्यलाई मात्र नभई सदस्यको घरपरिवारमा रहेका बेरोजगार छोरा छोरीहरूलाई उद्यमी बनाउने उद्देश्यले यस वर्षबाट 'नबिन' कार्यक्रम सन्चालनमा ल्याएका छौं । यस कार्यक्रमबाट लघुवित्तमा आवद्ध सदस्यका छोरा छोरीले निशुल्क रूपमा रूची अनुसारको प्राविधिक सिपमूलक तालिमहरू प्राप्त गर्नुका साथै व्यवसाय गर्न ऋण स्वरूप आवश्यक बिउ पूँजी समेत प्राप्त गर्ने छन् ।

नेपालको लघुवित्त क्षेत्रमा पहिलो पटक बाणिज्य बैंकहरूले प्रयोगमा ल्याएको जस्तै सम्पूर्ण सुविधा सहितको 'मोबाईल बैकिंग सेवा' तथा 'मिसकल बैकिंग सेवा' यसै वर्षबाट हामी शुरू गर्न गईरहेका छौं । यस सेवाको प्रयोगबाट लघुवित्तका सदस्यहरूले अर्को बैंकमा तथा अर्को खातामा रकम ट्रान्सफर गर्न, खाताबाट ऋणको किस्ता तिर्न, केन्द्र बैंठकको जानकारी लिन, बैठकमा तिर्नुपर्ने रकमको जानकारी लिन, मोबाईल रिचार्ज गर्न, किनमेल गर्न लगायतका थुप्रै वित्तिय व्यवहार मोबाईलको प्रयोगबाट गर्न सक्नेछन् । यसका अतिरिक्त ग्रामिण भेगका सामान्य लेखपढ गर्न जान्ने तथा सामान्य मोबाईल प्रयोग गर्ने सदस्य दिदि बहीनीहरूलाई लक्षीत गरि 'मिसकल बैंकिंग सेवा' शुरू गर्न गईरहेका छौं । यस सेवा मार्फत आफ्नो सामान्य मोबाईलबाट संस्थाको सम्पर्क नम्बरमा 'मिसकल' गरेर सदस्यले आफ्नो खाताको जानकारी लिन तथा मोबाईल रिचार्ज गर्न सक्नेछन् । यो संगै, प्रविधिमा आधारित वित्तिय सेवा उपयोग प्रवृत्तीलाई बढावा दिई नेपालकै नमुना, प्रविधि युक्त लघुवित्त कार्यक्रम बनाउने संस्थाको ध्येय रहेको छ ।

लघुवित्त कार्यक्रम संग संगै सहकारी सेवाको पहुँच विस्तार गर्ने उद्देश्यले लघुवित्तका सम्पूर्ण शाखाहरूमा सहकारीको वित्तिय सेवा थप गर्न गईरहेका छौं । यसबाट जिल्लाभरी छरिएर रहनु भएका सहकारी सदस्यहरूले समेत विभिन्न शाखा मार्फत लाभाँस भुक्तानी लिन तथा सहकारी तर्फका अन्य वित्तिय सेवा प्राप्त गर्न सक्नुहुनेछ ।

शेयर सदस्य महानुभावहरू, संस्थाको प्रगती यस संस्थामा आवद्ध सदस्यहरूको प्रगतीको प्रतिबिम्ब हो । सदस्यहरूलाई आर्थिक रूपमा सशक्त गर्न सके मात्रै संस्थाको उचाई चुलिन सक्छ भन्ने संस्थाको दृढ मान्यता रहि आएको छ । संस्था स्थापनाको समयमा यस क्षेत्रमा वित्तिय संस्थाहरू शाखा खोली कारोबार गर्न नाक खुम्च्याउने अवस्था थियो । हाल आएर भने वित्तिय संस्थाहरूको उपस्थिती बाक्लीदै गएको तपाई हामी सबैलाई विधितै छ । वित्तिय संस्थाहरूको उपस्थिती मात्रैले आर्थिक तथा सामाजिक रूपान्तरण सम्भव हुँदैन । उद्यमशिलता तथा साधनस्रोतको परिचालनमा दक्षताले समृद्धी सम्भव हुन्छ । पछिल्ला वर्षहरूमा वित्तिय संस्थाहरू खास गरि लघुवित्त संस्थाहरूको संख्यामा आएको संख्यात्मक बृद्धीले जनतामा सहज वित्तिय पहुँच पुऱ्याएपनि लघुवित्त संस्थाहरू बिचको अस्वस्थ व्यवसायिक प्रतिस्प्रधाले यसको मर्म माथी प्रहार भईरहेको छ । सदस्यहरूलाई व्यवसायिक बनाएर कर्जा प्रवाह गरे मात्रै संस्था व्यवसायीक रूपमा सफल हुन सक्छ भन्ने कुरामा यो संस्था सचेत छ । तसर्थ यस्तो प्रतिस्पर्धाका वावजुद हाम्रो लघुवित्त कार्यक्रम आफ्नै गतिमा अघि बढिरहेको छ । यसका साथै यस्ता चुनौतिहरूको सामना गर्न प्राथमिकताका साथ रणनीतिहरू बनाई लागु गरिरहेको छ । लघुवित्त कार्यक्रम मातहत विभिन्न विभागहरू खडागरी तालिम, अनुगमन, निरिक्षण लगायतका कार्यहरूलाई तिब्रता दिई लघुवित्तमा देखिएका उत्श्रृंखल प्रवृत्ती तथा अनुशासनहिनतालाई निरूत्साहित गरिरहेको छ । लघुवित्त कार्यक्रमा समावेश भएका महिलाहरूका लागि निशुल्क सिपमुलक तालिम, वित्तिय साक्षरता तथा सशक्तिकरण अभियानहरू संस्थाले सञ्चालन गर्दै आएको छ ।

## ५. सामाजिक उत्तरदायित्व :

आदरणीय शेयरधनी महानुभाव ज्यूहरू यो संस्था स्थानिय स्तरमा यहाँहरूकै साथ र समर्थनले जन्मीएको र फस्टाएको संस्था हो । स्थानिय स्तरमा घट्ने स-साना घटना-परिघटना तथा त्यसले

पार्ने प्रभावबाट संस्था समेत अछुतो रहन सक्दैन । स्थानिय स्तरमा सकारात्मक परिवर्तन अथवा आर्थिक समृद्धि भए मात्रै त्यसको केही लाभ संस्थाले पाउन सक्छ भन्ने हाम्रो मान्यता रहेको छ । तसर्थ, यस संस्थाले नाफा बृद्धि संगै सामाजिक योगदानमा पनि सक्रिय भूमीका निर्वाह गर्दै आएको छ । गत मंसिर १७ गते देखी संस्था २५ औं वर्षमा प्रवेश गरेको अवसर पारेर विभिन्न सामाजिक उत्तरदायित्वका कार्यक्रमहरू अगाडी सारेको छ । यहाँहरूको सहयोगले ति कार्यक्रमहरू समुदाय स्तरमा लागु गर्न सकीने अपेक्षा गरेका छौं । त्यसै गरी यसै वर्षबाट शैक्षिक संस्था लक्षित विविध कार्यक्रमहरू समेत थालनी गरेका छौं । शिक्षणसंस्थामा कार्यरत शिक्षक शिक्षीकाहरूलाई वित्तिय सक्षरता सम्बन्धि प्रशिक्षक प्रशिक्षण दिएका छौं । विभिन्न विद्यालयहरूलाई वित्तिय तथा गैर वित्तिय सहायता उपलब्ध गराएका छौं । बौनीया स्थित सहाराघरलाई आवश्यक फर्निचर तथा खाद्यान्न उपलब्ध गराएका छौं । संस्थाको निरन्तर कारोबार बृद्धि तथा नाफा बृद्धिसंगै संस्थाको साख (Credibility) मा समेत उल्लेख्य बृद्धी भएको छ, संस्थाको साख बृद्धीसंगै हाम्रो सामाजिक उत्तरदायित्व समेत बढेको महसुस गरि सामाजिक क्रियाकलापमा जोड दिन गत आ.व.मा तपसिल बमोजिमका कार्यक्रमहरू सम्पादन गरिएका छन् :

## ५.१ राहत तथा सुविधा वितरण

लघुवित्त कार्यक्रममा आवद्ध महिला सदस्यहरूलाई विभिन्न अवस्थामा उपलब्ध गराएको राहत तथा सुविधा विवरण यस प्रकार छ :

| राहत/सुविधा | सदस्य संख्या | रकम |
|---|---|---|
| सुत्केरी स्याहार खर्च | ५०४२ | ४,९०,२५०० |
| आगलागी राहत | १९१ | ३,८०,७४० |
| मृत्यूलाभ (सदस्य) | ३४२ | २३,००,५०० |
| मृत्यूलाभ (श्रीमान) | ७६६ | ४८,५२,९५० |
| कर्जा बिमा रक्षावरण सदस्य | ४३४ | १,८३,०५,३१८ |
| कर्जा बिमा रक्षावरण श्रीमान | २३७ | ९२,६२,२०९ |
| अन्य सामाजिक सुरक्षा | २९ | ७,२५,००० |
| जम्मा | ७०४१ | ४०७२९२१७ |

## ५.२ काजक्रिया खर्च

गत आ.व.मा मृत्यु हुने ४२ जना शेयर सदस्यको परिवारलाई श्रद्धाञ्जली सहित रू. २५००० का दरले रू. १०,५०,००० रूपैयाँ काजक्रिया खर्च उपलब्ध गराएको छ ।

## ५.३ छात्रवृति विवरण

विगतका वर्षहरू झै छात्रवृत्ति सुविधालाई निरन्तरता दिईएको छ । प्रवेशीका परिक्षामा उत्कृष्ट अंक ल्याउने ४७ जना सदस्यका छोरा/छोरीहरूलाई रू. ३,३५,००० छात्रवृत्ति वापत उपलब्ध गराईएको छ ।

## ६. लाभांश बितरण:

तपाईहरूको अगाध स्नेह र संस्थाप्रतिको विश्वासका कारण संस्थाले आ.व. २०६५/०६६ बाट निरन्तर १५ प्रतिशतका दरले लाभाँस वितरण गर्दै आएको मा गत आ.व. बाट १८ प्रतिशत लाभाँस वितरण गर्ने साधारण सभाको निर्णय बमोजिम यो साधारणसभाले प्रतिवेदन स्विकृती पश्चात १८ प्रतिशत लाभाँस वितरण गरिनेछ । यसरी लाभाँस वितरण गर्दा शेयर सदस्यको बचत खातामा लाभाँस रकम दाखिला गर्ने गरिएकोले यस अघि लाभाँस नलिनुभएका र संस्थामा बचत खाता नभएका सदस्य ज्यूहरूलाई यथाशिघ्र केन्द्रिय कार्यालय वा शाखा कार्यालयहरूमा सम्पर्कगरि बचत खाता खोलि लाभाँस बुझ्नका साथै आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गराउनु हुनु समेत अनुरोध गर्दछु ।

## ७. संस्थागत बिकास तथा सुशासनको अवस्था:

वित्तिय संस्थामा सुशासनको अवस्था जति दरिलो भयो संस्था पनि त्यतीकै दरिलो हुन्छ भन्ने मान्यतासंग पुर्ण सहमत भई संस्थागत सुशासन कायम राखिरहन अवलम्बन गरिएको नीति अनूरूप गत आ.व.मा तपसिल बमोजिमका उपलब्धीहरू भएका छन् :

- कर्मचारीको मनोबल उच्च राखिरहन विगत वर्षहरूभैं आवश्यक तालिम तथा पुनर्ताजगी क्रियाकलापहरूको आयोजनालाई निरन्तरता दिईएको छ । राष्ट्रिय तथा अन्तराष्ट्रिय तालीम तथा सेमीनारहरूमा कर्मचारीहरूलाई सहभागी गराईएको छ ।
- आन्तरिक लेखा परिक्षण समिति लगायत अन्य उपसमितिहरूले दिने सुझाव तथा निर्देशनहरू पूर्ण कार्यान्यवन गर्ने प्रक्रियालाई निरन्तरता दिईएकोछ ।
- सुशासनको अवस्था बुझ्न सहज होस भन्ने हेतुले सम्पूर्ण शाखाहरूमा गुनासो पेटीका (Complain Box) प्रयोगमा ल्याई सकेका छौ । यसै वर्षबाट सदस्यलाई गुनासो दर्ता गर्न सहज होस भनेर पैसा नलाग्ने फोन 'टोल फ्रि' नम्बरको व्यवस्था गरेका छौं । तपाईका सल्लाह सुझाव र गुनासाहरू हामीलाई सुनाउन कृपया पैसा नलाग्ने फोन नं. १६६०९११७३३३ मा फोन गर्नहुन सम्पूर्ण सदस्य महानुभावहरूलाई सूचीत गर्न चाहन्छु ।
- छिटो छरितो र विश्वासिलो सेवा प्रदान गर्नका लागि सम्पूर्ण शाखा/सेवा केन्दमा कार्यरत कर्मचारीहरूलाई समय तालिका (Work Timing Chart) अनुसार छिटो छरितो र भरपर्दो सेवा प्रवाह गर्न निर्देशन दिईए अनुसार कार्य भईरहेको छ ।
- ग्राहक सुरक्षण सिद्धान्त तथा 'स्मार्टसर्टिफिकेसन' लाई ध्यानमा राखी यसै वर्षबाट थप केही नयाँनीतिहरू लागु गरेका छौ र आगामी दिनमा समेत संस्थागत सुशासनलाई दरिलो बनाई राख्न आवश्यकता अनुसार सञ्चालक समितिबाट थप नीति तर्जुमा गरि लागु गरिने छ ।
- संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्था गर्ने विभिन्न विभाग तथा जिम्मेवारी बाँडफाड भई नियमित काम कार्यवाही भईरहेको छ । र आगामी दिनमा आवश्यकता अनुसार थप विभाग तथा सेल गठन गरि आन्तरिक नियन्त्रण प्रणालीलाई थप व्यवस्थित र चुस्त बनाईने छ ।

## ७.१ भौतीक पुर्वाधार:

आवश्यकता अनुसार स्थायी सम्पत्ती जोड्ने कार्य गरिरहेका छौं । प्रविधिको क्षेत्रमा मजबुत पुर्वाधार खडा गर्न सफल भएका छौ । अघिल्लो आर्थिक वर्षमा ५ करोड १९ लाख हाराहारी रहेको स्थिर सम्पत्ती २०७६ असार मसान्त सम्म आईपुग्दा १९ प्रतिशतले बृद्धी भई ६ करोड १६ लाख पुगेको छ ।

## ७.२ बिभिन्न कोषहरुको स्थापना:

गत अव भैं यस आ.व.मा समेत संस्थाले तपसिल बमोजिमका कोषहरूमा रकम थप गरि कोषहरूलाई व्यवस्थित गरेको छ । संस्था संग आ.व. २०७५ असार मसान्त सम्म १६ करोड ६७ लाख ५५ हजार ६७२ रूपैयाको कोषहरू रहेकोमा यस वर्ष ५ करोड २३ लाख ४० हजार ९७ रूपैया विभिन्न कोषहरूमा थप भई रू. ९० लाख १८ हजार ५५२ भुक्तानी भई जम्मा कोष रकम रू. २१ करोड ७७ हजार २ सय १८ रूपैया पुगेको छ ।

### २०७६ असार मसान्त सम्मको कोषहरूको विवरण

| क्र.सं. | कोषहरूको विवरण | गत वर्ष सम्म (रू) | यस वर्ष थप (रू) | यस वर्ष भुक्तानी | जम्मा कोष (रू) |
|---|---|---|---|---|---|
| १ | साधारण जगेडा कोष | १०,६८,२५,८८५।७८ | २०,५४८,९३३।०२ | | १२७३७४८१८।८० |
| २. | भवन निर्माण कोष | ४,०८,६२,६०७।२६ | ० | ३,७६७,३६१।०० | ३७०९५२४६।२६ |
| ३. | शेयर लाभाँस कोष | १,००,३५,९२०।०० | ७,२७२,८५९।५१ | | १७३०८७७९।५१ |
| ४. | घाटा पूर्ति कोष | १,३५,३४,९२१।६३ | ३,८४६,३९५।४४ | | १७३८१३१७।०७ |
| ५. | कर्मचारी कल्याण कोष | ६६,८२,५२१।०२ | ३,६९४,७३७।४४ | | १०३७७२५८।४६ |
| ६. | सहकारी शिक्षा कोष | ६४,०६,३६१।८८ | ४,०३७,३९५।४४ | | १०४४३७५७।३२ |
| ७. | सहकारी विकास कोष | ६५,६१,५०५।०२ | ३,४९७,४५३।४४ | | १००५८९५८।४६ |
| ८. | सहकारी प्रवर्द्धन कोष | १,९६,२७५।३७ | २५८,१४७।३५ | | ४५४४२२।७२ |
| ९. | संरक्षित पुँजी कोष | १,८९,७१,२२०।१४ | १२,१८२,३६७।२६ | | ३११५३५८७ |
| १०. | सदस्य सुरक्षण कोष | ० | ३,८४६,३९५।४४ | | ३८४६३९५।४४ |
| ११. | जोखिम व्यवस्था कोष | ० | १,९२३,१९७।७२ | | १९२३१९७।७२ |
| जम्मा | | २१,००,७७,२१८।१० | ५७,३४०,५२१।०६ | ३,७६७,३६१।०० | २६७४१७७३९।१६ |

कोषहरू बृद्धी तालिका (प्रतिशतका आधारमा)




## ७.३ मानव संसाधनको अवस्था:

आदरणीय शेयर सदस्य महानुभाव ज्यूहरू संस्थाको लक्ष्य उन्मुख प्रगती संगै यस संस्थाले यस क्षेत्रमा प्रशस्त रोजगारीको अवसर समेत सृजना गरि दिएको छ । हरेक वर्ष संस्थाको परिवार भित्र नयाँ कर्मचारी साथीहरूको प्रवेश भईरहेको यहाँहरूलाई पनि अवगतै छ । साथै कर्मचारी बढ्दै जाँदा नियन्त्रण प्राणाली (Controling System) समेत प्रभावकारी बनाईएको छ । कर्मचारीको बृद्धीसंगै कर्मचारीको सिर्जनशीलता समेत बढाउँदै लैजान संस्थाले विभिन्न आन्तरिक क्रियाकलापहरू गदै आएको छ र आगामी दिनमा समेत त्यस्ता क्रियाकलापलाई बढाउँदै लैजाने छ । २०७५ असार मसान्त सम्म संस्थामा कार्यरत कर्मचारीको विवरण निम्नानुसार रहेको छ :

| | |
|---|---|
| महिला कर्मचारी संख्या : | ४० जना |
| पुरूष कर्मचारी संख्या : | १२५ जना |
| जम्मा कर्मचारी संख्या : | १६५ जना |

यस वर्ष देखि कर्मचारीहरूका लागि अनिवार्य विदाको व्यवस्थ गरिएको छ । संस्थाको उन्नती प्रगतीमा अहोरात्र खटिने कर्मचारीहरूले परिवार तथा समाजीक सम्बन्धलाई समेत सुमधुर बनाई राख्नु पर्छ भन्ने हाम्रो मान्यता हो । सोही मान्यतानुसार १० दिनको तलब सहित १० दिन अनिवार्य बिदाको व्यवस्था लागु गरेका हौ । साथै कर्मचारीको मनोबल उच्च राख्दै कार्यसम्पादनलाई प्रभावकारी बनाउने उद्देश्य अनुरूप हरेक वर्ष कर्मचारीलाई पुरस्कृत गर्दै आएकोमा गत वर्ष विभिन्न शाखामा कार्यरत विभिन्न तह तथा पदमा कार्यरत ४ जना कर्मचारीलाई वर्ष कर्मचारीका रूपमा पुरस्कृत गरेका थियौं ।

## ७.४. सूचना प्रविधिको प्रयोग :

आजको युग सूचना प्रविधिको युग हो सुचना प्रविधीको प्रयोगबाट सरल तथा सहज तरिकाले सेवा प्रदान गर्न तथा संस्थागत सुशासनलाई समेत उच्च राखि रहन तपसिल बमोजिमका कार्यक्रमहरू गरिएको छ :

- ग्राहकहरूको माग बमोजिम संस्थाको लम्की स्थित कार्यालयमा एटीएम जडान गरिएको छ । त्यसैगरी नेपालका कुनैपनि बैक तथा वित्तियसंस्थाका एटीएम मेसीनमा यस संस्थाको कार्ड प्रयोग गरि रकम झिक्दा कुनै शुल्क नलाग्ने व्यवस्थ मिलाईएको छ । संस्थाको रजत जयन्ती वर्षको अवसर पारेर हाल खाता खोल्ने सदस्यलाई निशुल्क एटीएम प्रदान गर्दैछौं ।
- 'किसान स्मार्ट' नाम दिईएको नयाँ मोबाईल एप्स को विकास गरिएको छ । सम्पूर्ण सदस्यहरूलाई गुगल प्लेस्टोर तथा एप स्टोर बाट सो एप डाउनलोड गरि मोबाईल बैकिङ्ग सेवा उपभोग गर्न अनुरोध गर्न चाहन्छु । यसअघि यो सेवा प्रयोग गरेबापत बार्षिक शुल्क लिने गरेकोमा हाललाई रजत जयन्ती वर्षको अवसर पारेर हामीले ग्राहक तथा सदस्य महानुभावहरूलाई यो सेवा निशुल्क दिईरहेका छौं । माथी जानकारी गराई सकिए अनुसार यसै वर्षबाट लघुवित्त सदस्यका लागि 'मोबाईल बैकिंग' र 'मिसकल बैकिंग' शुरू गर्न गईरहेका छौ ।
- यू.के. एड सक्षम संगका सहकार्यमा सन्चालित किसान रूरल डिजिटल बैकिंग परियोजना अन्तिम चरणमा रहेको छ । यस परियोजना मार्फत सुधारिएको ट्याब्लेट बैकिंग सेवा, एटीएम, स्मार्टसर्टिफिकेशन, लघुवित्त शाखा मार्फत सहकारी सेवा प्रवाह, वित्तिय साक्षरता कार्यक्रम, विद्यार्थीसंग किसान, विद्यार्थी भविष्य बचत खाता लगायतका क्रियाकलापहरू भएका छन् । यसका अतिरिक्त सूचना प्रविधिका लागि आवश्यक उपकरणहरू समेत परियोजना अन्तर्गत खरिद गरिएको छ ।
- संस्थाको आफ्नै वेव साईट www.kisancoop.com.np लाई अपग्रेड गरिएको छ । सञ्चालन गरिएको छ । ईन्टरनेटको पहुच भएका ग्राहक, सदस्यहरूले यसै वेवसाईट मार्फत संस्था सम्बन्धि सम्पूर्ण जानकारी, सूचना पाउन सक्नुहुनेछ ।
- संस्थाको मोबाइल बैंकिङ्ग 'किसान स्मार्ट' प्रयोग गरी लम्की साना शहरी खानेपानी तथा सरसफाई संस्थाको खानेपानी महशुल भुक्तानी गर्ने व्यवस्था गरेका छौं । सम्पूर्ण सदस्य तथा खानेपानी उपभोक्ताहरूलाई महशुल तिर्न संस्थाको मोबाईल बैकिङ्ग प्रयोग गर्न हुन अनुरोध गर्न चाहन्छौं ।

## ७.५ नीति, निर्देशीका तथा अन्य वैधानिक दस्तावेजहरुको अवस्था:

संस्थाले संस्था सञ्चालनका लागि देहाय बमोजिमका १९ वटा निती, निर्देशिका तथा मापदण्ड तर्जुमा गरि लागु गरेको छ । यस वर्षबाट ग्राहक सुरक्षण सिद्धान्त लागु गर्न थप ६ वटा नीति तथा मापदण्ड तर्जुमा गरि लागु गरेका छौं । उक्त नीति तथा मापदण्ड अनुमोदनका लागि यस सभा समक्ष अनुरोध गर्दछु । आगामी दिनमा आवश्यकता अनुसार नीति नियमहरू बनाई लागु गरिनेछ ।

| क्र.सं. | नीति तथा निर्देशिका |
|---|---|
| १ | विनियम |
| २ | कर्जा नीति निर्देशिका |
| ३ | कर्मचारी प्रशासन नियमावली |
| ४ | आर्थिक प्रशासन नियमावली |
| ५ | लघुवित्त कार्यक्रम निर्देशिका |
| ६ | लघुवित्त सेवा निर्देशिका |
| ७ | लघुवित्त कार्यक्रम समूह प्रवेश पुर्व तालिम निर्देशिका |
| ८ | कर्जा अपलेखन विनियमावली |
| ९ | संञ्चालक तथा कर्मचारी आचार संहिता |
| १० | लघुवित्त कार्यक्रम सन्चालन तथा कार्य विधि निर्देशिका |
| ११ | रूरल डिजिटल बैकिङ्ग परियोजना कार्यान्वयन तथा व्यवस्थापन कार्य विधि |
| १२ | दैनिक कार्य सन्चालन कार्यविधि |
| १३ | कर्जा जोखीम नियन्त्रण मापदण्ड |
| १४ | बजार अन्वेषण, कार्यक्षेत्र विस्तार तथा सेवा विविधीकण मापदण्ड |
| १५ | सदस्य सन्तुष्टी मापन नीति तथा मापदण्ड |
| १६ | सदस्य सूचना गोपनियता नीति तथा मापदण्ड |
| १७ | सदस्य गुनासो निराकरण नीति तथा मापदण्ड |
| १८ | सदस्य बहिरगमन सर्वेक्षण मापदण्ड |
| १९ | सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी नीति तथा कार्यविधी |

## ८. तालिम तथा गोष्ठी :

संस्थाले सदस्य, सन्चालक तथा कर्मचारीहरूको क्षमता अभिवृद्धीका लागि हरेक वर्ष आवश्यकता अनुसार विभिन्न किसिमका तालिम तथा गोष्ठीहरू आयोजन गर्नुका साथै देश भित्र तथा बाहीर हुने तालिम तथा गोष्ठीहरूमा समेत सहभागीता जनाउँदै आएको छ । यसै क्रममा आ.व.२०७५/०७६ मा संस्थाले सञ्चालन गरेका तथा सहभागीता जनाएका तालिमहरूको विवरण निम्नानुसार रहेको छ ।

| (क) सदस्य तालिमः | | | |
|---|---|---|---|
| क्र.सं. | कार्यक्रमको नाम | संख्या | लाभान्वित संख्या |
| १. | व्यवसायिक बाख्रापालन तालीम | २१ | १२८१ जना |
| २. | च्याउखेति तालीम | ७३ | ३२६५ जना |
| ३. | बंगुरपालन तालीम | ३३ | ७१२ जना |
| ४. | लहरेबाली सम्बन्धि तालीम | १४७ | २६८९ जना |

| | | | |
|---|---|---|---|
| ५. | हस्तकलाका सामग्री, कुसुन, गुडीया बनाउने तालीम | १ | २५ जना |
| ६. | वित्तिय साक्षरता (शिक्षक प्राध्यापक) | १ | ३० जना |
| ७. | विद्यार्थिलाई वित्तिय साक्षरता तालीम | २ | ४०० जना |
| ८. | व्यवसायिक बाख्रापालन तालीम | २१ | १२८१ जना |
| जम्मा | | २९९ | ९६८३ |

| (ख) संचालक तालिम/अवलोकन भ्रमण: | | | |
|---|---|---|---|
| १ | लघुवित्त वित्तिय संस्थाहरूको अवलोकन | २ | फिलिपिन्स |
| २ | अवलोकन भ्रमण | २ | फिलिपिन्स |
| ३ | सहकारी संस्थाहरूको अवलोकन भ्रमण | १ | पूर्बी नेपालका जिल्लाहरू |
| | जम्मा | ५ | |

| (ग) कर्मचारी तालिम/अवलोकन भ्रमण: | | | |
|---|---|---|---|
| १ | Exposure Visit of Project | १ | १ |
| २ | Basic Account management training | १ | ३ |
| ३ | Operation process of microfinance | १ | ४ |
| ४ | Effective communication for behavior change | २ | २८ |
| ५ | Communication, motivation and behavior change | १ | २८ |
| ६ | Effective public speaking and anchoring programme | १ | २१ |
| ७ | MIS Management system | १ | १ |
| ८ | Motivation, communication and customer Behaviors | १ | ३० |
| ९ | Effective communication and team building | १ | २ |
| १० | Skill Development of trainers in the area promotion and financing | १ | ५ |
| ११ | Communication and Motivation | १ | ७ |
| १२ | Managing Field Operation | ३ | ८ |
| १३ | Developing Managerial proficiency of micro-finace branch manager | १ | २ |
| १४ | Financial reporting and tax policy | १ | १ |
| १५ | Tax and account management training | १ | २ |
| १६ | Training on book keeping and account management for Microfinance | १ | २ |
| १७ | Programme on adopting area based integrated | १ | २ |

| | | | |
|---|---|---|---|
| १८ | Advance Excel Training | १ | ३ |
| १९ | International training on internal audit System | १ | २ |
| २० | Orientation on Nobin programme | १ | २ |
| Total | | २३ | १५४ |

## ९. सदस्यहरुको सुझाव र त्यसको कार्यान्वयन:

यस संस्थाले यसै बर्षदेखि सदस्यहरूलाई सेवामा पूर्ण सन्तुष्टी दिने सोचका साथ केन्द्र बैठकमा छलफल, केन्द्र प्रमूख गोष्ठीमा छलफल लगायत औपचारिक तथा अननौपचारिक रूपमा सुझावहरू ग्रहण गरि उक्त सुझावहरू उपर आवश्यकता अनुसार कार्यवाही गर्दै आएको छ । निकट भविष्यमै शाखाहरूमा सुझाव पुस्तिका राखी सुझाव संकलन गर्ने तथा सर्वेक्षण फारम मार्फत बस्तु तथा सेवाहरूको बारेमा जानकारी हासिल गर्ने कार्यको शुरूवात गर्ने योजना रहेको छ ।

## १०. आगन्तुक संस्थाहरुको विवरण:

पछिल्लो समय संस्थामा भ्रमण गर्न आउने आगन्तुकहरूको संख्यामा बृद्धी हुदै गएको छ । संस्थाले सञ्चालनमा ल्याएका ट्याब्लेट बैकिङ्, एकिकृत कृषि फर्म लगायतका नविनतम कार्यहरूको अनुभव संगाल्न अन्य निकायका प्रतिनीधिहरू आउने गर्दछन् । त्यसैगरी संस्थाले सञ्चालन गरेको लघुवित्त कार्यक्रमको सफलताको सिकाई ग्राहण गर्न समेत आगन्तुकहरूको चासो रहने गरेको पाईएको छ । गत आ.व. (२०७५/०७६) मा यस संस्थामा अध्ययन/अवलोकनका आगन्तुक संस्था तथा निकायहरूको विवरण निम्नानुसार रहेको छ :

### आगन्तुक संस्थाको विवरण

| क्र.सं. | आगन्तुक संस्थाको नाम, ठेगाना | सहभागी संख्या | मिति |
|---|---|---|---|
| १ | कञ्चन झलारी सहकारी संस्था लिमिटेड, कञ्चनपुर | ७ | २०७५/०४/२८ |
| २ | बृहस्पति रिसर्च एण्ड ट्रेनिङ सेन्टर, (नवजिवन सहकारी धनगढी) | २ | २०७५/०६/०२ |
| ३ | बि.टि.एल ट्रेड, धोबिघाट काठमाण्डौं | २ | २०७५/०६/०४ |
| ४ | गुड रिटर्न (वर्ल्ड एजुकेशन अष्ट्रेलिया लिमिटेड) | ६ | २०७५/०६/१९ |
| ५ | मालिका बचत तथा ऋण सहकारी संस्था बर्दिया | २० | २०७५/०८/२२ |
| ६ | हिमालय बचत तथा ऋण सहकारी संस्था लिमिटेड, बर्दिया | ३० | २०७५/०८/२५ |
| ७ | आधारशिला बचत तथा ऋण सहकारी संस्था हरिवन, सर्लाही | १५ | २०७५/०९/१७ |
| ८ | मेरूदण्ड बचत तथा ऋण सहकारी संस्था लिमिटेड रूपन्देही | ३० | २०७५/०९/१७ |
| ९ | प्रगती बचत तथा ऋण सहकारी संस्था लिमिटेड | १५ | २०७५/१०/०३ |
| १० | सक्षम एक्सेस टू फाईनान्स काठमान्डौ | ५ | २०७५/१०/१७ |
| ११ | दाउन्नेदेवी बहुउद्देश्यीय सहकारी संस्था लि. कञ्चनपुर | २८ | २०७५/११/०५ |

| | | | |
|---|---|---|---|
| १२ | सजिलो बचत तथा ऋण सहकारी संस्था लामाचौर पोखरा | ११ | २०७५/१२/०६ |
| १३ | परोपकारी सहकारी संस्था लिमिटेड | १३ | २०७५/१२/०१ |
| १४ | चौरपाटी गाउपालिका अछाम | २८ | २०७५/१२/२१ |
| १५ | श्री जनज्योती बचत तथा ऋण सहकारी संस्था लिमिटेड, कञ्चनपुर | १९ | २०७५/१२/२१ |
| १६ | पञ्चशिल बहुउद्देश्यीय सहकारी संस्था लि., ललितपुर | ३५ | २०७५/१२/२२ |
| १७ | हिमचुली बचत तथा ऋण सुहकारी संस्था लिमिटेड, भैरहवा | ३० | २०७५/१२/२६ |
| १८ | सहकारी मन्त्रालय, प्रदेश नं ५ | ३० | २०७५/१२/२९ |
| १९ | सुहाहारा काठमाण्डौ | ४ | २०७६/०१/०४ |
| २० | माइक्रो क्रेडिट रेटिङ्ग इन्टरसेशनल लिमिटेड भारत | ४ | २०७६/०१/०६ |
| २१ | नवोदय बहुउद्देश्यीय सहकारी संस्था लि.,झापा | २४ | २०७६/०१/०९ |
| २२ | साहारा नेपाल सकोस, झापा | १८ | २०७६/०१/१० |
| २३ | शिखर जडीबुटी उत्पादक सहकारी संस्था लि., बांके | ३० | २०७६/०१/१५ |
| २४ | वातावरण सूधार बहुउद्देश्यीय सहकारी संस्था, सुर्खेत | १५ | २०७६/०१/१६ |
| २५ | आलोपालो बचत तथा ऋण सहकारी संस्था लिमिटेड, सुर्खेत | १६ | २०७६/०१/१९ |
| २६ | शिव बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, बर्दिया | ३३ | २०७६/०२/०४ |
| २७ | चन्द्रपुर नगर सहकारी सञ्जाल, रौतहट | ४० | २०७६/०२/२६ |
| २८ | नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड, नवलपरासी | ३६ | २०७६/०२/३१ |
| २९. | साईनो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, बांके | ६ | २०७६/०३/०८ |
| ३० | सिचुवांन सूजिङ ईन्डष्ट्रिज कम्पनी, चीन | ६२ | २०७६/०३/२७ |
| | जम्मा | ६१४ | |

## ११. समन्वय/सम्बन्ध विस्तार:

संस्था यसै वर्ष देखी नेपाल बिमक संघको मध्यस्थतामा हामीले राष्ट्रिय बिमा समितिबाट बिमा एजेन्टको अनुमती पाएका छौं । 'स्मार्ट सर्टिफिकेसन' को रेटीङ् कार्यका लागि विदेशी संस्थाहरूसंग समन्वयको प्रयास भईरहेको छ । त्यसै गरि अन्तराष्ट्रिय स्तरको ब्राण्ड 'स्मार्ट सर्टिफिकेशन'का लागि गुड रिटर्न नेपालसंग सम्बन्ध स्थापित गरेको छ । त्यसैगरी सक्षम साझेदारीमा सन्चालित दोस्रो परियोजना 'किसान रूरल डिजिटल बैकिङ्ग' अन्तर्गत 'स्कूल बैकिङ्ग' कार्यक्रम अन्तरगत यस क्षेत्रका विद्यालयहरूसंग समन्वय भईरहेको छ । यसका अतिरिक्त नियमनकारी निकाय प्रदेश सरकारको कृषि, भूमी व्यवस्था तथा सहकारी मन्त्रालय लगायत अन्य सरोकारवाला मन्त्रालयहरू, साल्ट ट्रेडींग, कृषि सामाग्री कम्पनी, नेश्नल ट्रेडींग, स्थानिय सरकार तथा अन्य गैरसरकारी निकायहरूसंग नियमित समन्वय गर्दै आएको छ ।

## १२. विविध :

हालै सम्पन्न संस्थाको २४ औ वार्षिकोत्सव लाई सफल पार्न सहयोग गर्नुहुने सम्पूर्ण प्रति आभार व्यक्त गर्दछौ । त्यसैगरी यस संस्थाको समन्वयमा धनगढीमा सम्पन्न सुदुरपश्चिम प्रदेश स्तरिय लघुवित्त सदस्य सम्मेलनलाई भव्य रूपमा सफल पार्न सहयोग गर्नुहुने सम्पूर्णहरू प्रति उक्त सम्मेलनको सदस्यका हैसियतले हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

## १३. धन्यबाद ज्ञापन:

संस्थालाई यस अवस्थासम्म ल्याई पुऱ्याउन सहयोग गर्नुहुने नेपाल सरकार, प्रदेश सरकार, नेपाल राष्ट्र बैंक, राष्ट्रिय तथा जिल्ला सहकारी संघ, स्वालम्वन विकास केन्द्र (CSD), साझेदार विभिन्न बैंक तथा वित्तीय संस्थाहरू, दातृ निकायहरू, राजनीतिक दल, स्थानीय निकाय, व्यापारी बुद्धिजिवि, पत्रकार मित्रहरू लेखासमिति, वर्तमान संचालक समिति तथा पूर्व संचालक समितिका सम्पूर्ण पदाधिकारीहरू, लेखापरीक्षक तथा संस्थाको बृहत्तर विकासका लागि चिन्तित सम्पूर्ण शेयरधनी महानुभावहरू तथा मेरा सहकर्मी कर्मचारी मित्रहरूबाट सदाझैं सहयोग एवम् सुझावको अपेक्षा राख्दै हार्दिक धन्यवाद एवम् आभार व्यक्त गर्दै यो सम्मानित साधारणसभामा आ.व.२०७५/७६ को लेखापरिक्षण सहितको यो प्रतिवेदन तथा चालु आ.व. २०७६/७७ का लागि प्रस्तावित बजेट पारित गरिदिनका लागि पेश गर्दै विदा हुन चाहुन्छु । धन्यवाद । जय किसान । जय सहकारी ।

डम्बर बहादुर शाह
महाप्रबन्धक

# रजत जयन्ती वार्षिक कार्यक्रम

| | |
|---|---|
| १. | रक्तदान कार्यक्रम |
| २. | आँखा शिविर कार्यक्रम |
| ३. | जेष्ठ सदस्य सम्मान कार्यक्रम |
| ४. | एकल महिला सम्मान कार्यक्रम |
| ५. | सरसफाई कार्यक्रम |
| ६. | समुदायमा वित्तिय सचेतना अभिवृद्धी कार्यक्रम |
| ७. | शिक्षा प्रोत्साहन कार्यक्रम |
| ८. | शैक्षिक संस्था लक्षित अतिरिक्त क्रियाकलाप |
| ९. | सिपमुलक तालिम सँचालन |
| १०. | कर्मचारी अतिरिक्त क्रियाकलाप |
| ११. | समुदायका लागि किसान कार्यक्रम |
| १२. | निःशुल्क स्वास्थ्य शिविर सन्चालन |
| १३. | वृक्षारोपण कार्यक्रम |
| १४. | सामाजिक सुरक्षा कार्यक्रम |
| १५. | अभिभावक तथा विद्यार्थि बचत शिक्षा कार्यक्रम |
| १६. | कर्मचारी सदस्य लक्षित बचत शिक्षा कार्यक्रम |
| १७. | मातृशिशु, पोषण तथा भविष्य कार्यक्रम |
| १८. | संजिविनि कार्यक्रम |
| १९. | प्राकृतिक प्रकोप राहत कार्यक्रम |
| २०. | श्रद्धाञ्जली तथा समवेदना कार्यक्रम |
| २१. | युवा लक्षित खेलकुद कार्यक्रम (किसान कप) |
| २२. | कृषक सदस्य पुरस्कार |
| २३. | सामाजिक अभियन्ता सम्मान |
| २४. | भूतपुर्व सन्चालक सम्मान |
| २५. | कृषि प्रोत्साहन तथा उद्यमशिलता प्रवर्द्धन कार्यक्रम |




**१. मातृशिशु पोषण तथा भविष्य कार्यक्रम :**
- रू. ५००–१५०० सुत्केरी भत्ता
- रू. ५०० को संस्थाबाट बाल बचत खाता सञ्चालन हुने
- *बच्चाको जन्मदिनमा उपहार दिने
- *विद्यार्थीको अभिभावकको दुर्घटनाका कारण मृत्यु भएमा बार्षिक औसत मौज्दात रकमको १० गुणा सम्म वा रू. ३ लाख सम्म अध्ययन खर्च उपलब्ध गराइनेछ ।

**२. संजीवनी कार्यक्रम :**
- *सदस्य तथा सदस्यको परिवारको रू. ५० हजार सम्मको उपचार खर्च संस्थाले उपलब्ध गराउने ।
- स्वास्थ्य शिविर सञ्चालन

**३. शिक्षा प्रोत्साहन कार्यक्रम :**
- SEE उत्तिर्ण विद्यार्थीलाई छात्रवृत्ति
- विपन्न परिवारका बालबच्चाहरूलाई छात्रवृत्ति

**४. प्राकृतिक प्रकोपमा राहत कार्यक्रम :**
- प्राकृतिक प्रकोपबाट पिडित परिवारलाई नगद राहत
- प्राकृतिक प्रकोपमा सामाग्री राहत

**५. समुदायका लागी किसान कार्यक्रम :**
- समुदाय तथा सदस्यको जीवनसँग सरोकार राख्ने सामाजिक कार्यमा किसानको सहकार्य

**६. एकल महिला सम्मान कार्यक्रम :**
- बार्षिक रूपमा शाखा स्तरमा रहेका एकल महिलाहरूलाई सम्मान

* शर्तहरु लागु हुनेछन्

किसान बहुउद्धेश्यीय सहकारी संस्था लि.
KISAN BAHUUDESHIYA SAHAKARI SANSTHA LTD.

समृद्धिका लागि समुदाय संग सँगै

# जन्मदेखि मरणोपरान्त सम्म जीवन चक्र योजना



### ७. जेष्ठनागरिक राहत तथा सम्मान कार्यक्रम :

- बार्षिक रूपमा शाखा स्तरमा

### ८. आजका नानी भोलीका जीन्दगानी कार्यक्रम :

- सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको क्षमता अभिबृद्धिका लागि विभिन्न प्रकारका अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न संस्थाले विद्यालयलाई आवश्यक सहयोग प्रदान गर्ने छ ।

### ९. श्रद्धाञ्जली कार्यक्रम :

- सदस्य तथा सदस्यको श्रीमानको निधन भएमा शोक सभा गरिने ।
- सदस्य तथा सदस्यको श्रीमानको निधन भएमा १० हजार देखि २५ हजार काजक्रिया खर्च उपलब्ध गराईने ।
- परिवारको मृत्युमा रू. ८,००० काजक्रिया खर्च उपलब्ध गराईने ।
- शोक सभा तथा काजक्रिया खर्च हस्तान्तरण १३ दिन भित्र गरिने छ ।

### १०. *कर्जा मुक्ती कार्यक्रम :

- सदस्य तथा निजको श्रीमानको मृत्यू भएमा सदस्यले तिर्न बाँकी कर्जा रकम मिनाह गरिनुका साथै तिरि सकेको सावा रकम फिर्ता गरिने ।
- कर्जा रकमको ४०% काजक्रिया खर्च वाफत थप प्रदान गरिने

* शर्तहरू लागु हुनेछन्

समृद्धिका लागि समुदाय संग सगै

**किसान बहुउद्देश्यीय सहकारी संस्था लि.**

**KISAN BAHUUDESHIYA SAHAKARI SANSTHA LTD.**

K.P.N.& Associates
Chartered Accountants

3rd floor, Nepal Bank Building
Dillibazar, Kathmandu, Nepal
Phone : 01-4420903
E-mail: keshab@kpn.com.np

# स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

**किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका शेयरधनी महानुभावहरु,**

१ हामीले किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको ३१ आषाढ २०७६ को वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा-नोक्सान हिसाब,नगद प्रवाह विवरणर प्रमुख लेखानीति तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेकाछौं ।

**आर्थिक विवरणहरु प्रति व्यवस्थापनको जिम्मेवारी**

२ नेपालमा मान्य लेखाका सिद्धान्त अनुरुप यर्थाथ र उचित चित्रण गर्ने वित्तिय विवरणहरु तयार गर्ने तथा प्रस्तुत गर्ने उत्तरदायित्व व्यवस्थापनमा निहित रहेको छ । यि उत्तरदायित्व अर्न्तगत चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत किसिमले त्रुटि रहित, वित्तिय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य, लेखानीतिहरुको छनौट तथा लागू गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपुर्ण अनुमान गर्ने पर्दछन् ।

**लेखापरीक्षकको जिम्मेवारी**

३ लेखापरीक्षणको आधारमा वित्तिय विवरणहरु उपर आफ्नो राय जारी गर्नु हाम्रो उत्तरदायित्व हो। हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गरेका छौं । ती मानहरुले हामीलाई व्यवसायीक नैतिकताको पालना गर्ने तथा वित्तिय विवरणहरु सारभुत रुपमा त्रुटि रहित भएको बारेमा मनासिव आश्वासन प्राप्त गर्न लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउदछन् ।

लेखापरीक्षण अर्न्तगत वित्तिय विवरणमा उल्लेखित रकम र खुलासालाई पुष्टि गर्ने प्रमाण प्राप्त गर्न सम्पन्न गरिने कार्यविधि संलग्न हुन्छ। यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत रुपमा त्रुटियुक्त प्रस्तुति हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यवसायीक निर्णयमा आधारित छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा हामीले संस्थाको आन्तरिक नियन्त्रण उपर नै राय व्यक्त गर्ने उद्देश्यले नभै परिस्थिति अनुसार हाम्रो लेखापरीक्षण कार्यविधि तयार गर्दा, संस्थाले वित्तिय विवरण तयार एवं प्रस्तुति गर्ने क्रममा अवलम्वन गरेका आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गरेका छौं । लेखापरीक्षणमा व्यवस्थापनद्वारा प्रयोगमा ल्याइएका लेखा सिद्धान्तहरु एवं गरिएका महत्वपूर्ण अनुमानहरुको उपयुक्तताको मूल्याङ्कनका साथै समग्र वित्तिय विवरण प्रस्तुतीको लेखाजोखा समेत समावेश हुन्छ ।

हाम्रो लेखापरीक्षणले हाम्रो रायलाई प्रर्याप्त आधार प्रदान गरेको कुरामा हामी विश्वस्त छौं ।

**लेखापरीक्षकको राय**

४ हाम्रो रायमा, संलग्न वित्तिय विवरणहरुले किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको २०७६ आषाढ मसान्तको वित्तिय स्थिती, सो मितिमा समाप्त भएको आर्थिक वर्षको वित्तिय नतिजा रनगद प्रवाहप्रचलित कानूनका आधारमा रहि लागू गर्न सकिने हदसम्म नेपाल लेखामान अनुसार यथार्य चित्रण गर्दछ ।

**अन्य कानूनी तथा नियमक निकायका आवश्यकता सम्बन्धि प्रतिवेदन**

५ हामीद्वारा सम्पन्न गरिएको लेखापरीक्षणका आधारमा देहाय बमोजिमको प्रतिवेदन पेश गर्दछौं :

क) हामीले लेखापरीक्षणको सन्दर्भमा आवश्यक ठानी सोधनी कैफियत तलब गरेका कुराहरुको जवाफ तथा स्पष्टीकरणहरु सन्तोषजनक रुपमा पायौँ ।

ख) वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरणसहकारी ऐन २०७४ बमोजिम तयार भएका छन् । प्रस्तुत वित्तिय विवरणहरु संस्थाले राखेको हिसाब किताबसँग दुरुस्त छन् ।

ग) संस्थाले आफ्नो श्रेस्ता तथा हिसाब किताब प्रचलीत कानून तथा प्रचलन बमोजिम राखेकोछ।

घ) संस्थाबाट प्राप्त विवरणहरु लेखापरीक्षणका निमित्त पर्याप्त छन् ।

..............................................
सिए. केशब प्रसाद न्यौपाने
**के.पि.एन. एण्ड एसोसिएट्स**
चार्टर्ड एकाउन्टेन्ट्स ।

KPN & Associates Kathmandu Chartered Accountants

# किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

## लम्की, कैलाली, नेपाल

## २०७६ आषाढ ३१ गतेको

## वासलात

| पुंजी तथा दायित्व | अनुसूची | यस वर्ष रकम (रु.) | गत वर्ष रकम (रू.) |
|---|---|---|---|
| १. शेयर पूंजी | १ | १०४,६७९,४०५.०० | ८४,४९२,४००.०० |
| २. जगेडा तथा कोषहरु | २ | २६७,४१७,७३९.१६ | २१०,०७७,२१८.१० |
| ३. सापटी | ३ | ९४३,१२७,८८८.५४ | ७८८,०८२,७५९.५७ |
| ४. निक्षेप दायित्व | ४ | १,५०२,२०५,९८४.११ | १,१५९,९७८,३१७.१६ |
| ५. अन्य दायित्व तथा व्यवस्था | ५ | ६८,४९९,३११.१३ | ६३,८७८,२२०.१८ |
| **कूल पूंजी तथा दायित्व** | | **२,८८५,९३०,३२७.९४** | **२,३०६,५०८,९१५.०१** |
| **सम्पत्ति** | **अनुसूची** | **यस वर्ष रकम (रु.)** | **गत वर्ष रकम (रू.)** |
| १. नगद तथा बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ६ | २८८,३५०,६११.५२ | ३४५,७७०,२१२.२५ |
| २. लगानी | ७ | ३,८११,०००.०० | २,८०१,०००.०० |
| ३. कर्जा तथा सापट | ८ | २,४९८,८८१,२२५.३८ | १,८८०,१२१,२७६.५६ |
| ४. स्थिर सम्पत्ति | ९ | ६१,६७१,८९३.८१ | ५१,९६६,३७१.९२ |
| ५. गैर बैंकिङ्ग सम्पत्ति | | - | - |
| ६. अन्य सम्पत्ति | १० | ३३,२१५,५९७.२३ | २५,८५०,०५४.२८ |
| **कूल सम्पत्ति** | | **२,८८५,९३०,३२७.९४** | **२,३०६,५०८,९१५.०१** |

| | |
|---|---|
| १. सम्भावित दायित्व (Contingent Liabilities) | अनूसुची ११ |
| २. लेखानीतिहरु | अनूसुची २० |

माथि उल्लेखित अनूसुचीहरू वित्तीय विवरणका अभिन्न अङ्ग हून् ।

आजको मितिमा संलग्न प्रतिवेदन अनुसार

| | | | | |
|---|---|---|---|---|
| सुरेन्द्र कुमार शाह<br>अध्यक्ष | उदयराम खनाल<br>उपाध्यक्ष | मयाराम धमाला<br>संचालक | जयरूप बुढा<br>संचालक | लेखापरीक्षक<br>सि.ए. केशब प्रसाद न्यौपाने<br>के.पि.एन एण्ड एशोसिएट्स<br>चार्टड एकाउण्टेण्टस् |
| विष्णुभक्त शर्मा ढकाल<br>संचालक | लोक राज तिमिल्सेना<br>संचालक | शुभनाथ देवकोटा<br>संचालक | पतिराम चौधरी<br>संचालक | उर्मिला बस्नेत ओली<br>संचालक |
| शिव बहादूर स्वार<br>संचालक | उदयराम बटाला<br>संचालक | डम्बर बहादुर शाह<br>महा प्रबन्धक | कुल प्रसाद तिमिल्सेना<br>लेखा अधिकृत | मितिः २०७६/०६/१४<br>स्थानः काठमाण्डौ |

# किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

## लम्की, कैलाली, नेपाल

## २०७६ आषाढ मसान्तको (जुलाई १६ २०१९)

## नाफा नोक्सान हिसाब

| विवरण | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| १. ब्याज आम्दानी | १२ | ३८८,८०७,०२१.२९ | ३००,५८१,५३०.०३ |
| २. ब्याज खर्च | १३ | २१६,८७५,६९१.०३ | १५५,७९४,१२७.२४ |
| **खुद ब्याज आम्दानी** | | **१७१,९३१,३३०.२६** | **१४४,७८७,४०२.७९** |
| **३. अन्य सञ्चालन आम्दानी** | | **५५,१३१,४७९.५२** | **४३,४६३,३८३.२१** |
| ३.१ मल बिक्रीबाट आम्दानी | १४ | ११,६५०,८३८.६७ | ११,९०६,९७६.५० |
| ३.२ अन्य आम्दानी | १५ | ४३,४८०,६४०.८५ | ३१,५५६,४०६.७१ |
| **कुल सञ्चालन आम्दानी** | | **२२७,०६२,८०९.७८** | **१८८,२५०,७८६.००** |
| ४. मल बिक्रीको लागत | १६ | ११,००८,०७०.८७ | ११,३३८,०२१.०० |
| ५. कर्मचारी खर्च | १७ | ७२,१३३,४३६.२० | ६३,७९०,३३८.५० |
| ६. कार्यालय सञ्चालन खर्च | १८ | ४१,१२३,४०५.१९ | २९,९६३,०७७.७८ |
| **संम्भीवत नोक्सानी व्यवस्था अधिको संञ्चालन मुनाफा** | | **१०२,७९७,८९७.५२** | **८३,१५९,३४८.७२** |
| ७. सम्भीवत नोक्सानी व्यवस्था | | ३१,४४३,०९२.८४ | १८,२३७,७१२.१८ |
| **सञ्चालन मुनाफा** | | **७१,३५४,८०४.६८** | **६४,९२१,६३६.५४** |
| ८. गैर सञ्चालन आम्दानी/(खर्च) | १९ | ६,५५०,६७८.३५ | ८,६२९,२५६.६५ |
| ९. सम्भीवत नोक्सानी व्यवस्था बाट फिर्ता | | २,२८८,२९५.०० | १,०८९.३६ |
| **नियमित कारोवारहरुबाट भएको मुनाफा** | | **८०,१९३,७७८.०३** | **७३,५५१,९८२.५५** |
| १०. असमान्य कारोबारहरुबाट भएको आम्दानी/खर्च | | | |
| **सम्पूर्ण कारोबार समावेश पछिको भएको खूद मुनाफा** | | **८०,१९३,७७८.०३** | **७३,५५१,९८२.५५** |
| ११. कर्मचारी बोनस व्यवस्था | | ७,२९०,३४३.४६ | ६,६८६,५४३.८७ |
| १२. आयकर व्यवस्था | | | |
| यस बर्षको कर व्यवस्था | | ४,०६४,१४२.५१ | १४,५२५,३४१.०४ |
| बिगत बर्षसम्मको कर व्यवस्था | | - | - |
| **खूद नाफा** | | **६८,८३९,२९२.०६** | **५२,३४०,०९७.६५** |

आजको मितिमा संलग्न प्रतिवेदन अनुसार

| | | | | |
|---|---|---|---|---|
| सुरेन्द्र कुमार शाह<br>अध्यक्ष | उदयराम खनाल<br>उपाध्यक्ष | मयाराम धमाला<br>संचालक | जयरूप बुढा<br>संचालक | लेखापरीक्षक<br>सि.ए. केशब प्रसाद न्यौपाने<br>के.पि.एन एण्ड एशोसिएट्स<br>चार्टड एकाउण्टेण्टस् |
| विष्णुभक्त शर्मा ढकाल<br>संचालक | लोक राज तिमिल्सेना<br>संचालक | शुभनाथ देवकोटा<br>संचालक | पतिराम चौधरी<br>संचालक | उर्मिला बस्नेत ओली<br>संचालक |
| शिव बहादूर स्वार<br>संचालक | उदयराम बटाला<br>संचालक | डम्बर बहादुर शाह<br>महा प्रबन्धक | कुल प्रसाद तिमिल्सेना<br>लेखा अधिकृत | मितिः २०७६/०६/१४<br>स्थानः काठमाण्डौ |

# किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
## लम्की, कैलाली, नेपाल
## २०७६ आषाढ मसान्तको (जुलाई १६ २०१९)
## नगद प्रवाह विवरण

| विवरण | | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| (क) | **कारोबार संचालनबाट नगद प्रवाह** | (२०२,७५३,४०७.०९) | २४,९६२,३५३.७४ |
| १. | **नगद प्राप्ति** | ४५०,४८९,१७९.१६ | ३५२,६७४,१६९.८९ |
| १.१ | ब्याज आम्दानी | ३८८,८०७,०२१.२९ | ३००,५८१,५३०.०३ |
| १.२ | अन्य आम्दानी | ४३,४८०,६४०.८५ | ४०,१८५,६६३.३६ |
| १.३ | गैर सञ्चालन आम्दानी | ६,५५०,६७८.३५ | - |
| १.४ | मल बिक्रीबाट आम्दानी | ११,६५०,८३८.६७ | ११,९०६,९७६.५० |
| १.५ | गैह्र बैकिङ्ग सम्पत्ति बिक्री | - | - |
| २. | **नगद भूक्तानी** | (३३३,८९०,५६०.५७) | (२५४,९२०,८९९.९१) |
| २.१ | व्याज खर्च | (२१६,८७५,६९१.०३) | (१५५,७९४,१२७.२४) |
| २.२ | कर्मचारी खर्च | (७२,१३३,४३६.२०) | (६३,७९०,३३८.५०) |
| २.३ | मल बिक्रीको लागत | (११,००८,०७०.८७) | (११,३३८,०२१.००) |
| २.४ | कार्यालय सञ्चालन खर्च | (३२,४१०,५११.४७) | (२३,५१२,४०१.१७) |
| २.५ | सहकारी शिक्षा, विकास तथा संरक्षित पूंजी कोष बाट खर्च | (१,४६२,८५१.००) | (४८६,०१२.००) |
| **कार्यगत पूंजी गतिविधि अघिको नगद प्रवाह** | | ११६,५९८,६१८.५९ | ९७,७५३,२६९.९८ |
| **संचालन सम्बन्धी चालु सम्पत्तिमा कमी/(वृद्धि)** | | (६५५,२८०,२८९.६१) | (४११,४४३,४६२.०३) |
| १. | कर्जा कमी/(वृद्धि) | (६४७,९१४,७४६.६६) | (४१६,२२०,६५१.७४) |
| २. | अन्य सम्पत्तिमा कमी/(वृद्धि) | (७,३६५,५४२.९५) | ४,७७७,१८९.७१ |
| **संचालन सम्बन्धी चालु दायित्वमा (कमी)/वृद्धि** | | ३३५,९२८,२६३.९३ | ३३८,६५२,५४५.७९ |
| १. | निक्षेप दायित्वमा (कमी)/वृद्धि | ३४२,२२७,६६६.९५ | ३४५,८३२,९१५.६८ |
| २. | अन्य दायित्वमा (कमी)/वृद्धि | (६,२९९,४०३.०२) | (७,१८०,३६९.८९) |
| (ख) | **लगानी कारोवारमा नगद प्रवाह** | (१९,४२८,४१५.६१) | (१९,२९१,६६८.६०) |
| १. | दीर्घकालीन लगानीमा कमी/(वृद्धि) | (१,०१०,०००.००) | - |
| २. | स्थीर सम्पत्तिमा कमी/(वृद्धि) | (१८,४१८,४१५.६१) | (१९,२९१,६६८.६०) |
| (ग) | **वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | १६४,७६२,२२१.९७ | ८०,००२,८६४.४५ |
| १. | शेयर पूजीमा वृद्धि/(कमी) | २०,१८७,००५.०० | १५,०००,९००.०० |
| २. | लाभांश वितरण | (१०,४६९,९१२.००) | (७,८१३,४०६.००) |
| ३ | ऋणमा (कमी)/वृद्धि | १५५,०४५,१२८.९७ | ७२,८१५,३७०.४५ |
| (घ) | **यस वर्षको सम्पुर्ण गतविधिबाट नगद प्रवाह** | (५७,४१९,६००.७३) | ८५,६७३,५४९.५९ |
| (ङ) | **नगद तथा बैंकमा रहेको सूरु मौज्दात** | ३४५,७७०,२१२.२५ | २६०,०९६,६६२.६६ |
| (च) | **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | २८८,३५०,६११.५२ | ३४५,७७०,२१२.२५ |

# किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

## लम्की, कैलाली, नेपाल

## ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण

## आ.व. २०७५/०७६

| विवरण | शुरु मौज्दात | समायोजन | शेयर जारी | गत आ.व को कर भुक्तानी | यस वर्ष भुक्तानि | यस वर्षको नाफाबाट बांडफांड | अन्तिम मौज्दात |
|---|---|---|---|---|---|---|---|
| शेयर पुंजी | ८४,४९२,४००.०० | | २०,१८७,००५.०० | | | | १०४,६७९,४०५.०० |
| सञ्चित नाफा नोक्सान | - | | | | | | - |
| साधारण जगेडा | १०६,८२५,८८५.७८ | ३,३३९,११०.०० | | | | १७,२०९,८२३.०२ | १२७,३७४,८१८.८० |
| संरक्षित पूंजी कोष | १८,९७१,२२०.१४ | | | | ७२५,०००.०० | १२,९०७,३६७.२६ | ३१,१५३,५८७.४० |
| सहकारी प्रर्बधन कोष | १९६,२७५.३७ | | | | | २५८,१४७.३५ | ४५४,४२२.७२ |
| घाटापुर्ती कोष | १३,५३४,९२१.६३ | | | | | ३,८४६,३९५.४४ | १७,३८१,३१७.०७ |
| सहकारी विकास कोष | ६,५६१,५०५.०२ | (१९१,०००.००) | | | १५७,९४२.०० | ३,८४६,३९५.४४ | १०,०५८,९५८.४६ |
| कर्मचारी कल्याण कोष | ६,६८२,५२१.०२ | | | | १५१,६५८.०० | ३,८४६,३९५.४४ | १०,३७७,२५८.४६ |
| सहकारी शिक्षा कोष | ६,४०६,३६१.८८ | १९१,०००.०० | | | | ३,८४६,३९५.४४ | १०,४४३,७५७.३२ |
| शेयर लाभांस कोष | १०,०३५,९२०.०० | | | | १०,०३५,९२०.०० | १७,३०८,७७९.५१ | १७,३०८,७७९.५१ |
| सदस्य सुरक्षण कोष | | | | | | ३,८४६,३९५.४४ | ३,८४६,३९५.४४ |
| जोखिम व्यवस्था कोष | | | | | | १,९२३,१९७.७२ | १,९२३,१९७.७२ |
| भवन निर्माण कोष | ४०,८६२,६०७.२६ | (३,३३९,११०.००) | | | ४२८,२५१.०० | - | ३७,०९५,२४६.२६ |
| **कुल रकम** | **२९४,५६९,६१८.१०** | **-** | **२०,१८७,००५.००** | **-** | **११,४९८,७७१.००** | **६८,८३९,२९२.०६** | **३७२,०९७,१४४.१६** |

आजको मितिमा संलग्न प्रतिवेदन अनुसार

| | | | | |
|---|---|---|---|---|
| | | | | लेखापरीक्षक |
| सुरेन्द्र कुमार शाह<br>अध्यक्ष | उदयराम खनाल<br>उपाध्यक्ष | मयाराम धमाला<br>संचालक | जयरूप बुढा<br>संचालक | सि.ए. केशब प्रसाद न्यौपाने<br>के.पि.एन एण्ड एशोसिएट्स<br>चार्टर्ड एकाउण्टेण्टस् |
| विष्णुभक्त शर्मा ढकाल<br>संचालक | लोक राज तिमिल्सेना<br>संचालक | शुभनाथ देवकोटा<br>संचालक | पतिराम चौधरी<br>संचालक | उर्मिला बस्नेत ओली<br>संचालक |
| शिव बहादुर स्वार<br>संचालक | उदयराम बटाला<br>संचालक | डम्बर बहादुर शाह<br>महा प्रबन्धक | कुल प्रसाद तिमिल्सेना<br>लेखा अधिकृत | मितिः २०७६/०६/१४<br>स्थानः काठमाण्डौ |

# किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

## लम्की, कैलाली, नेपाल

## २०७६ आषाढ मसान्तको (जुलाई १६ २०१९)

## नाफा नोक्सान बाँडफाँड हिसाब

## आर्थिक वर्ष २०७५/७६

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| १. गत वर्ष सम्मको संचित नोक्सान | | |
| २. यस वर्षको खुद नाफा | ६८,८३९,२९२.०६ | ५२,३४०,०९७.६५ |
| **जम्मा** | **६८,८३९,२९२.०६** | **५२,३४०,०९७.६५** |

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| १. गत वर्ष सम्मको नोक्सान | - | - |
| २. यस वर्षको खुद नोक्सान | | |
| ३. साधारण जगेडा | १७,२०९,८२३.०२ | १५,१२०,०३९.४३ |
| ४. संरक्षित पूंजी कोष | १२,९०७,३६७।२६ | ९,८१३,७६८।३१ |
| ५. सहकारी प्रर्बधन कोष | २५८,१४७।३५ | १९६,२७५।३७ |
| ६. घाटापुर्ती कोष | ३,८४६,३९५.४४ | २,९४४,१३०.४९ |
| ७. सहकारी बिकास कोष | ३,८४६,३९५.४४ | १,४७२,०६५।२५ |
| ८. कर्मचारी कल्याण कोष | ३,८४६,३९५.४४ | १,४७२,०६५.२५ |
| ९. सहकारी शिक्षा कोष | ३,८४६,३९५.४४ | १,४७२,०६५।२५ |
| १०.शेयर लाभांस कोष | १७,३०८,७७९.५१ | १०,०३५,९२०.०० |
| ११.सदस्य सुरक्षण कोष | ३,८४६,३९५.४४ | |
| १२.जोखिम व्यवस्था कोष | १,९२३,१९७.७२ | |
| १२.भवन निर्माण कोष | - | ९,८१३,७६८.३१ |
| १३.अन्य कोष | | |
| **जम्मा** | **६८,८३९,२९२.०६** | **५२,३४०,०९७.६५** |

आजको मितिमा संलग्न प्रतिवेदन अनुसार

| | | | | |
|---|---|---|---|---|
| सुरेन्द्र कुमार शाह<br>अध्यक्ष | उदयराम खनाल<br>उपाध्यक्ष | मयाराम धमाला<br>संचालक | जयरूप बुढा<br>संचालक | लेखापरीक्षक<br>सि.ए. केशब प्रसाद न्यौपाने<br>के.पि.एन एण्ड एशोसिएट्स<br>चार्टड एकाउण्टेण्टस् |
| विष्णुभक्त शर्मा ढकाल<br>संचालक | लोक राज तिमिल्सेना<br>संचालक | शुभनाथ देवकोटा<br>संचालक | पतिराम चौधरी<br>संचालक | उर्मिला बस्नेत ओली<br>संचालक |
| शिव बहादूर स्वार<br>संचालक | उदयराम बटाला<br>संचालक | डम्बर बहादुर शाह<br>महा प्रबन्धक | कुल प्रसाद तिमिल्सेना<br>लेखा अधिकृत | मितिः २०७६/०६/१४<br>स्थानः काठमाण्डौ |

# किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

## लम्की, कैलाली, नेपाल

अनुसूची १

### शेयर पूंजी

(२०७६ आषाढ मसान्त)

| विवरण | यस वर्ष रकम (रु.) | गत वर्ष रकम (रु.) |
|---|---|---|
| १.१ अधिकृत पूँजी | | |
| २,०,००००० शेयर प्रति शेयर रु.१०० ले | २००,०००,०००.०० | २००,०००,०००.०० |
| १.२ जारी पूँजी | | |
| १०४६७९४।०५ शेयर बापत प्रति शेयर रु. १०० ले | १०४,६७९,४०५.०० | ८४,४९२,४००.०० |
| १.३ चुक्ता पूँजी | | |
| १०४६७९४।०५ शेयर बापत प्रति शेयर रु. १०० ले | १०४,६७९,४०५.०० | ८४,४९२,४००.०० |
| **जम्मा** | **१०४,६७९,४०५.००** | **८४,४९२,४००.००** |

अनुसूची २

### जगेडा तथा कोषहरु

(२०७६ आषाढ मसान्त)

| विवरण | यस वर्ष रकम (रु.) | गत वर्ष रकम (रु.) |
|---|---|---|
